लेखापरीक्षण प्रतिवेदन

बान्नीगढी जयगढ गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बान्नीगढी जयगढ गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/53

श्रीमान् अध्यक्षज्यू,
बान्नीगढी जयगढ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, अछाम।

बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/53

श्री अध्यक्षज्यू ,

बान्नीगढी जयगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

अछाम।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रू.९५ करोड २५ लाख १२ हजारको लेखापरीक्षणबाट रू.१ करोड ७१ लाख २७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.५४ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.१ करोड ६ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१९ लाख ४४ हजार, नियमित गर्नुपर्ने रू.४४ लाख ९१ हजार गरी जम्मा रू.१ करोड ७० लाख ७३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.४ करोड ७० लाख १८ हजारमा यो वर्ष सम्परीक्षण भएको रू.१० लाख ९ हजार घटाइ बाँकी बेरुजुमा यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू.६ करोड ३० लाख ८२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण

तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६८	५८	१,७१,२७,३९०	०	१२	५४,४००	०	६८	४६	१,७०,७२,९९०	१,०६,३८,१७०	४४,९०,८८६	१९,४३,९३४	०	०	६४,३४,८२०	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अछाम	४,७०,१८,११२	०	१०,०८,६००	४,६०,०९,५१२	०	१,७०,७२,९९०	६,३०,८२,५०२

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	४६.१, ४६.२	बैठक भत्ता सम्बन्धमा	४१,६५०
२	२०८१/८२	४८	नर्म्स भन्दा बढी भुक्तानी	५,१००
३	२०८१/८२	६२	नर्म्स भन्दा बढी भुक्तानी	७,६५०
		जम्मा		**५४,४००**
गत वर्ष सम्मको सम्परीक्षण				
१	२०८०/८१	६८	पानी ट्याङ्की निर्माण	३३,९००
२	२०८०/८१	२९	दोहोरो भ्रमण भत्ता	१२,०००

३	२०७९/८०	७३	१५ सैयाको अस्पताल भवन निर्माण	९,६२,७००
जम्मा				**१०,०८,६००**
कुल जम्मा				**१०,६३,०००**

बान्नीगढी जयगढ गाउँपालिका, अछाम

(८०७७२५०४३००)

बन्नीगढी जयगध गाउँपालिका , अछाम

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यंक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०४ देखि २०८२।०५।०७ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको प्राप्ति र भुक्तानीतर्फ रु.९५ करोड २५ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१६१५० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

सि.नं	बिवरण	रकम रु.
१	बसन्त बहादुर रावलको बढी भुक्तानी भएको बैठक भत्ता	१६१५०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत विवरण तपशिल बमोजिम रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सुत्रबाट तयार भएको पालिकाको वित्तीय विवरण म.ले.प.फा. नं. २७० अनुसूचीमा संलग्न रहेको छ ।

एकीकृत आय व्यय विवरणः					
प्राप्ति			**भुक्तानी**		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		२,७३,७२,२०४.४९	चालु खर्च		२५,०२,१९,१५८.५८
१.संचित कोष	१,६९,५६,६६७.४५		१. पालिका तर्फ	१०,५१,३३,६२६.१०	
२.धरौटी	५४,७९,२३१.७१		२. संघीय सशर्त	१४,५०,८५,५३२.४८	
३. संचित कोष थप (विपद व्यवस्थापन कोषबाट)	६,८१,८८७.३३		३. संघीय विशेष	०	०
४. विपद व्यवस्थापन कोष	११,००,०००.००				
५. कर्मचारी कल्याण कोष	२५,००,०००.००		४. प्रदेश सशर्त	०	०
६. विविध खर्च खाता	६५४४१८.				
यस वर्षको आय		५०,४८,२७८.५२	५. प्रदेश विशेष	०	०
१.आन्तरिक आय	५०,४८,२७८.५२		पुँजीगत खर्च		६,५५,६२,७१४.०८
२. वित्तीय हस्तान्तरण (संघ)		३१,८०,३७,२०८.९८	१. पालिका तर्फ	५,०४,०९,९८४.७७	
क) समानीकरण अनुदान	७,१७,५६,३२०.००		२. संघीय सशर्त	९,९९,७५०.००	
ख) राजस्व बाँडफाँट	६,८४,३३,४९७.९८		३. संघीय विशेष	५७,४४,४७३.४२	
ग) सशर्त अनुदान	१७,१२,६७,०००.००		४. संघीय समपुरक	०	
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	१६,६०,०००.००	
ङ) विशेष अनुदान		६५,८०,३९१.००	६. प्रदेश विशेष	४७,४८,५०५.८९	
च) रोयल्टी			७. प्रदेश समपुरक	२०,००,०००.००	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१३,६९,०१,१४९.५४
३. वित्तीय हस्तान्तरण (प्रदेश)		१,६८,१०,५४६.१०	क) सामाजिक सुरक्षा	९,०१,६५,६०८.०७	
क) समानीकरण अनुदान	६५,३४,०००.००		ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३,६४,२७,६८२.४७	
ख) राजस्व बाँडफाँट	१५,००,७३९.१०		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१४,३७,९८७.००	
			घ) विद्यालय क्षेत्र	९,१२,०००.००	

			सुधार योजना कार्यक्रम (केन्द्र स्तर)		
			ङ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	७९,५७,८७२.००	
ग) सशर्त अनुदान	१८,४१,५००.००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	२०,००,०००.००		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	४९,३४,३०७.००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	२७,५७,९५५.५५	२७,५७,९५५.५५
छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च	८०,५३,९१९.००	८०,५३,९१९.००
४. अन्तर सरकारी अख्तियारी (संघ)		१३,६९,०१,१४९.५४	अन्य कोषबाट भएको खर्च		
क) सामाजिक सुरक्षा	९,०१,६५,६०८.०७		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३,६४,२७,६८२.४७		अन्य सहयोगमा सञ्चालित योजना		
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१४,३७,९८७.००				
घ) विद्यालय क्षेत्र सुधार योजना कार्यक्रम (केन्द्र स्तर)	९,१२,०००.००				
ङ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	७९,५७,८७२.००		अन्य खर्च भएमा	८९६.४२	८९६.४२
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		२,६१,९९,१३५.१०
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	४९,७५,२२८.५५	४९,७५,२२८.५५	क) सशर्त अनुदान	२,५१,८१,७१७.५२	
८. कार्यसञ्चालन कोष आय	७२,४३,४५६.७०	७२,४३,४५६.७०	ख) विशेष अनुदान	८,३५,९१७.५८	
९. अन्य कोषको आय			ग) समपुरक अनुदान		

१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	१,८१,५००.००	
१२. अन्य आय भएमा			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		२,६६,९३,१४४.६१
			१. संचित कोषको मौज्दात	१,५५,५२,६८४.२०	
			२. धरौटी	७६,९६,५०४.७१	
			३. कार्यसञ्चालनकोष	३४,४३,९५५.७०	
			४. अन्यकोष		
जम्मा	**५१,६३,८८,०७२.८८**	**५१,६३,८८,०७२.८८**	**जम्मा**	**५१,६३,८८,०७२.८८**	**५१,६३,८८,०७२.८८**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा तथा संरक्षण बापतको खर्च रु ९,०१,६५,६०८.०७ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमतर्फ रु ३,६४,२७,६८२.४७, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ रु १४,३७,९८७.००, विद्यालय शिक्षा क्षेत्र योजनातर्फ रु ९,१२,००० र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमतर्फ रु ७९,५७,८७२.०० समेत रु १३,६९,०१,१४९.५४ को कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन।

४ **दाखिला गर्न बाँकी कर**

कार्यालयले आयकर ऐन २०५८ बमोजिम भुक्तानीमा कर कट्टी गरेको रकम चालु आर्थिक वर्ष भित्रै संघीय राजस्व खातामा दाखिला गर्नुपर्दछ । पालिकाको सुत्रबाट देखिएको म.ले.प.फा.नं. २७० मा रु.७८९४ कर दाखिला गर्न बाँकी रहेको देखिन्छ ।उक्त दाखिला गर्न बाँकी रकम यथाशीघ्र दाखिला गरी भौचर पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,८९४

५ **प्रदेश अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । सुत्रको म.ले.प.फा.नं. २७० प्रदेश विशेष अनुदानतर्फको खर्च नभई बाँकी रहेको रकम रु १८५८०१ फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गरी प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,८५,८०१

६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री बिन्दु रावलले मिति २०८१।०३।१० गते रु. ३९ करोड ५३ लाख १४ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।२२ मा पारित भएको छ । यसैगरी पालिका प्रमुखले मिति २०८१।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२,८९,५५,०००.००	९४,००,२२५.५०	२.९७
२	पूर्वाधार विकास	६,७४,०६,०००.००	५,०६,७८,५९५.०३	१६.०४
३	सामाजिक विकास	२०,३२,७५,०००.००	१७,१०,८३,८६८.६९	५४.१७
४	बातावरण तथा विकास	९२,३७,०००.००	८८,६४,२१४.८७	२.८
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८,८३,४१,०००.००	७,५७,५४,९६८.५७	२३.९८
		३९७२१४०००	३१५७८१८७२.६६	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५४.१७ प्रतिशत खर्च भएको छ भने बातावरण तथा विकासमा २.८ प्रतिशत, आर्थिक विकासमा २.९८ प्रतिशत तथा पूर्वाधार विकासमा १६.०४ प्रतिशत खर्च भएको छ । आर्थिक विकास र पूर्वाधार विकासमा बजेट खर्च वृद्धि गर्नुपर्ने देखिन्छ ।

८ खर्च विश्लेषण

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ५०,४८,२७८.५२ राजश्व बाँडफाँडबाट रु.६,९९,३४,२३७.०८ र अनुदानबाट रु.२६,४९,१३,५१८.०० समेत रु. ३३,९८,९६,०३३.६ आम्दानी भएकोमा चालु तर्फ रु. २५,०२,१९,१५८.५८ र पूँजीगततर्फ रु. ६,५५,६२,७१४.०८ समेत रु. ३१,५७,८१,८७२.६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५९ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुविधामा रु. ६८,३०,२००.०० खर्च भएको छ । जुन आन्तरिक आयको १३५.२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजश्व बाँडफाँडको रकमबाट ७३ प्रतिशत चालु र १९ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	६६०६२७१४.०८	२०७६५०४८.२२	४१७१९३२	१३५०६२७९.०६	२८७२८९११.०९	२,१६,८१,९५१.८८
प्रतिशत		३१.४३	६.३१	२०.४४	४३.४८	३२.८२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ६६०६२७१४.०८ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २०७६५०४८.२२ (३१.४३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४१७१९३२ (६.३१प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १३५०६२७९.०६ (२०.४४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. २८७२८९११.०९ (४३.४८) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २,१६,८१,९५१.८८ (३२.८२प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१० बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

११ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्:

क्र.सं.	विवरण	योजनासंख्या
१	रु.१ लाखभन्दा कमको योजना	१०
२	रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना	४७
३	रु.५ लाखदेखि १० लाख सम्मका योजना	३१
४	रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना	२०
५	रु.५० लाख भन्दा माथिका	४
	जम्मा	**११२**

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख घटी देखि ५० लाख भन्दा बढीका जम्मा ११२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १० वटा योजनाहरु रहेका छन् ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी

नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

१२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई खर्च गरेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकामा चालु आर्थिक वर्षमा कुनै पनि विवादहरु दर्ता नभएको जानकारी प्राप्त भएको छ। कुनै विवाद दर्ता भएको खण्डमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१४ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित दरबन्दी ८८ स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रशासकीय अधिकृत, इन्जीनियर लगायतका ३६ पदहरु रिक्त रहेका छन् । पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्थापन गर्नुपर्दछ ।

१५ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहको भूमिकामा रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकाले आवश्यकताका आधारमा दरबन्दी तथा पदपूर्ति सम्बन्धी व्यवस्थापन गर्नुपर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
६	६	४	२

१६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० ऐन, ६ नियमावली र ४१ कार्यविधि लगायत ६७ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

१७ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ६०२ वटा, मृत्युदर्ता १६५ वटा, विवाह बसाईसराई गरी जानेको ९, आउनेको संख्या ३४८ दर्ता , सम्बन्ध विच्छेद लगायत अन्य सिफारिस लगाएतका सेवा प्रवाह गरेको देखियो भने भौतिक पूर्वाधार निर्माण तर्फको तथ्याङ्क अद्यावधिक राखेको पाइएन । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

१८ वार्षिक खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ६ करोड ६० लाख ६२ हजार पूँजीगत खर्च अन्तर्गत खरिद तथा निर्माण कार्य गरेको छ । आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा पालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध शीर्षक अन्तर्गत होटेल रेष्टुरेन्टका बिल संलग्न गरी रु. २० लाख ७८ हजार ३२३ खाना तथा खाजामा खर्च गरेको छ । यस प्रकारको खाजा खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ । पालिकाले यस प्रकारका खर्चमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२० अनुगमन तथा भ्रमण खर्च

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शीर्षकवाट बैठक भत्ता बापत रु.२०,९५,०८५। खर्च लेखेको छ । त्यसैगरी अनुगमन तथा भ्रमण बापत रु.२४,०७,७५८। खर्च लेखेको छ ।पालिकाले भ्रमण खर्च नियमावलीको व्यवस्था बमोजिम भ्रमण आदेश तथा बिलसँगै भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि संलग्न गर्नुपर्ने नियमको आंशिक रुपमा मात्र पालना गरेको छ ।नियममा भएको व्यवस्था बमोजिमका अभिलेख व्यवस्थित गरी खर्च लेख्नुपर्दछ ।

२१ **आर्थिक सहायता**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा न्यूनतम विभिन्न भौचरवाट रु ५००० देखि अधिकतम रु २५००० सम्म गरी आर्थिक सहायतामा रु. ७९६०००।०० खर्च गरेको देखियो।आर्थिक सहायता वितरण गर्दा अन्य निकायबाट समेत सहायता लिए नलिएको सम्बन्धमा स्पष्ट भइ पालिकाको आन्तरिक स्रोत समेतलाई मध्यनजर गरी सहायता दिनुपर्दछ । केहि उदाहरणहरु निम्न बमोजिम छन् .

गो भौ न र मिति	**आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम**	**सहायता रकम**
२१३।२०८१।१२।१२	काले साउँद	२५०००
२१३।२०८१।१२।१२	गिता कुँवर	२५०००
२१३।२०८१।१२।१२	जयाँ साउँद	५०००
२१३।२०८१।१२।१२	जल देवी ठकुल्ला	५०००
२१३।२०८१।१२।१२	झुप्प्री देवी साउँद	२५०००
२१३।२०८१।१२।१२	मथुरा रावल	५०००
२१३।२०८१।१२।१२	मोहनलाल ताम्रकार	२५०००
२१३।२०८१।१२।१२	योगेन्द्र बहादुर खडका	१५०००
२१३।२०८१।१२।१२	राजाराम भाट	२००००
जम्मा		**१५००००**

२२ **कच्चावारी बेगरको भाडा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) अनुसार कार्यालयले आर्थिक वर्षको अन्त्यमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी म. ले. प. फा. नं. २२१ मा सम्पूर्ण विवरणको लगत तयार गरी स्वीकृत गराई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गत वर्षको निम्न बमोजिमको खर्च प्रमाणित म.ले.प.फा.नं. २२१ बेगर भुक्तानी गरेको छ ।यसरी प्रमाणित भुक्तानी दिन बाँकीको कच्चावारीमा समावेश नगरेको खर्च रकमको भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

गो भौ नं मिति	खर्चको विवरण	भुक्तानी पाउने	भुक्तानी रकम
३९।२०८१।०७।११	वडा नं ३ को कृषि शाखा कार्यालयको भाडा भुक्तानी	हैकला साउद	२५०००
२४४।२०८२।०१।०७	इन्धनको बिल भुक्तानी	इन्द्रसरा आयल स्टोर	४५७०००
जम्मा			**४८२०००**

अनियमित भएको	४,८२,०००

२३ **गत बर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३)) बमोजिम कार्यालयले आर्थिक वर्षको अन्त्यमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी म.ले.प.फा.नं. २२१ मा सम्पूर्ण विवरणको लगत तयार गरी स्वीकृत गराई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०८०।८१ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.६०५००००। भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०८१।८२) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरेर रु.३८९०५९३।– भुक्तानी खर्च गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

२४ **कृषि अनुदान**

सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिकरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ ।त्यसै गरी अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।

सिनं	विवरण	रकम
१	अध्यक्ष युवा स्वरोजगार कार्यक्रम अन्तर्गत विभिन्न पाँच फर्मलाई लोकल कुखुरा लगायत पशुपंक्षी प्रबर्धन कार्यक्रम	८१९०००
२	५० प्रतिशत लागत साझेदारीमा मौरी घार वितरण कार्यक्रम	१९५०००
३	५० प्रतिशत लागत साझेदारीमा कृषि यान्त्रिकरण कार्यक्रम	४६३८००
जम्मा		**१४७७८००**

यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।

(क) अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा प्रभावकारी रुपमा अनुगमन गरी अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ साथै वितरित अनुदानको सार्वजनिकीकरण गर्नुपर्दछ।

(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।

(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था देखिएन ।

(घ) पालिकाले एकै प्रकृतिका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएतापनि कार्यक्रममा एकरुपता भएको

देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतिका कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।

२५ **राजस्व सुधार कार्ययोजना**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन,२०७६ तयार गरेको छ । प्रत्येक पालिकाले उक्त दिग्दर्शनलाई आधार लिई पालिकाको आन्तरिक राजस्व सुधार गरी आन्तरिक आय बृद्धिका लागि राजस्व सुधार कार्ययोजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले हालसम्म उक्त कार्ययोजना बनाएको छैन । स्थानीय तहको राजस्व सुधारका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

२६ **आन्तरिक राजस्व प्रक्षेपण तथा असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ती कर र घरजग्गा कर, भूमिकर(मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यबस्था छ भने दफा ६६ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको प्रक्षेपण गर्नसक्ने व्यवस्था छ । पालिकाको आ. ब . २०८०।८१ र २०८१।८२ को आन्तरिक राजस्वको प्रक्षेपण तथा असुली अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.स्.	राजश्व शीर्षक वितरण	आ व२०८०।०८१		आ व२०८१।०८२	
		प्रक्षेपण	अशुली	प्रक्षेपण	अशुली
१	भूमिकर तथा मालपोत	१४००००	१७३३१८	१४००००	१८८१६०
२	सिफारिस दस्तुर	७०००००	६०२२३३	६५००००	६३७३८९
३	व्यक्तिगत घटना दर्ता दस्तुर	२५००००	२९३१००	२५००००	२८१६००
४	नाता प्रमाणित दस्तुर	१५००००	४५०००	७५०००	३६४००
५	व्यवसाय कर	३५००००	३२४५५०	३१४०००	२००७६०
६	व्यवसाय रजिस्ट्रेशनदस्तुर	१२५०००	९६०००	१०००००	२३२८००
७	नक्सा पास दस्तुर	१५०००	२९२७१	३००००	११०२४
८	परीक्षा शुल्क	१८०००	२६६०१	२५०००	१२९००
९	जरिमाना	२५०००	२५२२६	२५०००	३०८९५
१०	अन्य प्रशासनिक सेवाशुल्क	२५००००	२०१५२७	२५००००	३४९३६६
११	सरकारी सम्पत्तिकोबहालबाट प्राप्त आय	१३४१०००	३२३८७२९५६	२६०००००	१२७५६५०
१२	घर बहालकर	१६५०००	२१२४५६	२०००००	१९१३९५
१३	शिक्षा क्षेत्रकोआम्दानी	२१०००	१३१००	२१०००	२९००
१४	बेरुजु	४५००००	४५४३१८	३०००००	१०७८०२९।४५
१५	बहाल बिटौरी कर	०	५५००	२००००	०
१६	निजी धारा बाफतकोशुल्क	०	०	०	४७६०००
१७	अन्य कर	०	०	०	३८५१०
१८	अन्य सेवा शुल्क तथाविक्री	०	०	०	५००
१९	अन्य राजश्व	०	०	०	४०००
२०	बैंक मौज्दात	०	०	०	३७१२
	जम्मा	**४००००००**	**५७४०९२९.५६**	**५००००००**	**५०५१९९०.५६**

उपर्युक्त तालिका अनुसार पालिकाले आ.व.२०८०।०८१ मा कूल रु. ४० लाख राजस्व असुली प्रक्षेपण गरेकोमा रु. ५७ लाख ४१ हजार अर्थात लक्ष्यको तुलनामा १४३.५२ प्रतिशत असुल गरेकोछ भने आ.व.२०८१।०८२ मा रु. ५० लाख आय प्रक्षेपण गरेकोमा रु. ५० लाख ५२ हजार असुल गरी लक्ष्यको तुलनामा १०१ प्रतिशत प्रगति हासिल गरेको छ । शीर्षकगत रुपमा हेर्दा आर्थिक वर्ष २०८१।८२ मा सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय रु.२६ लाख असुली प्रक्षेपण गरेकोमा १२ लाख ७६ हजार मात्र असुल भई लक्ष्यको तुलनामा ४९ प्रतिशत, व्यवसाय कर रु.३ लाख १४ हजार असुली प्रक्षेपण गरेकोमा २ लाख १ हजार मात्र असुल भई लक्ष्यको तुलनामा ६४ प्रतिशत मात्र असुल भएको छ । कूल असुली मध्ये बेरुजु फछर्योटवाट मात्र १० लाख ७८ हजार असुल भएको देखिंदा उक्त रकमलाई वास्तविक आन्तरिक आयको श्रोत मान्न मिल्ने देखिदैन ।त्यसैगरी निजि धारा वापतको शुल्क, अन्य कर लगायतका केहि शीर्षकमा प्रक्षेपण नै नगरे पनि रकम संकलन भएको देखिन्छ । तसर्थ पालिकाले राजस्व प्रक्षेपण गर्दा सबै शीर्षकको यथार्थपरक रुपमा गर्नुपर्ने एवं सम्भाव्य थप श्रोत पहिचान गरी राजस्व वृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।

२७ **आयको क्षेत्र पहिचान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र विभिन्न कर शुल्क लगाउने तथा आय ठेक्का व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । तर पालिकाले आफ्नो आयको सबै स्रोतहरू जस्तैः सवारी साधन कर, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, पार्कीङ्ग शुल्क लगायतका करहरूको सम्भावित परिमाण, सङ्ख्या यकिन गरी दर निर्धारण तथा सभाबाट स्वीकृत गरी हुने आय यकिन गरेको छैन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान तथा असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरूको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।

२८ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ।यसवर्ष पालिकालाई तिमिल्सेन सामुदायिक वन उपभोक्ता समुहबाट रु.१८,४०८।०० प्राप्त भएकोमा के वापत प्राप्त भएको हो पालिकाले खुलाएको छैन । पालिकाले आफ्नो क्षेत्रभित्र के कति सामुदायिक वन रहेका छन् सो सम्बन्धमा सामुदायिक वनको व्यवस्थित अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यबस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

२९ **ढिलो दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २८ (१) मा जिम्मेवार व्याक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने एवं उपदफा (२) मा त्यसरी दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गराउन सक्ने व्यावस्था छ । यस पालिका अन्तरगतका विभिन्न वडा कार्यालयहरुले नगदी रसिदको प्रयोग गरी असुली गरेको राजस्व तोकिएको अवधिमा दाखिला नगरेको अवस्थामा समेत यस प्रकारको कानुनको पालना भएको देखिएन।पालिकाले जिम्मेवार व्यक्तिलाई जवाफदेही वनाई कानुनमा भएको व्यवस्था अनुरुप दाखिला गराउन लगाउनु पर्दछ । पालिका अन्तर्गतका वडा कार्यालयहरुको असुली तथा दाखिला देहाय बमोजिम रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३० **आन्तरिक आय संकलन ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा भएको व्यबस्था अनुसार पालिकाले आफ्नो आन्तरिक आय सङ्कलनका लागि स्थानीय कर, सेवा शुल्क तथा दस्तुर लगाउन सक्ने व्यवस्था छ । यसका लागि पालिकाले आफ्नो क्षेत्रभित्र दैनिक हाट बाजार कर, सडक मर्मत संभार शुल्क, स्थानीय पूर्वाधारको उपभोग शुल्क, विभन्न प्राकृतिक वस्तुको विक्री तथा निकासीमा लाग्ने शुल्क लगायतका कारोबारबाट राजस्व संकलनका लागि आन्तरिक आय ठेक्का लगाई राजस्व वृद्धि गर्नुपर्नेमा यसवर्ष कुनैपनि आय ठेक्का लगाएको पाइएन ।

३१ **व्यवसाय कर**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ५ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने व्यबस्था छ । उक्त ऐनको अनुसुचि–३ मा होटल/लज/रेष्टुरेन्ट, मासु पसल, मदिरा पसल, कोल्ड ड्रिङ्कस पसल, सुनचाँदी गहना पसल, जुत्ता पसल, मोटर वर्कसप, छापाखाना, स्वास्थ्य सेवा, काष्ठ उद्योग, मिनरल वाटर उद्योग, विभिन्न बैंक तथा वित्तिय सेवा लगायत विभिन्न ९७ प्रकारका व्यवसायबाट कर, दस्तुर, शुल्क उठाउने उल्लेख छ । यो वर्ष पालिकाले रु.२,००,७६०।०० मात्र व्यवसाय कर संकलन गरेको विवरण पेश भएको छ । पालिकाले पारित आर्थिक ऐनको व्यवस्था अनुसार आफ्नो क्षेत्रभित्रका यस्ता सबै व्यबसायिहरुबाट व्यवासाय कर उठाई आन्तरिक राजस्व वृद्धि गर्न ध्यान दिनुपर्दछ ।

३२ **स्थानीय सामाग्री उत्खनन् र विक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क. वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग हुने स्थिति रहेको देखिन्छ । यसवर्ष पालिकालाई त्यस्ता सामग्रीको रोयल्टी तथा शुल्क प्राप्त भएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

३३ **आय अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ तथा ५९ मा दैनिक तथा वार्षिक रूपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले नगदी रसिद छपाई वडाबाट राजस्व असुली गर्ने गरेको नगदी तथा पालिकाले प्रणालीबाट असुल भएको सबै राजश्व आम्दानीको एकीकृत विवरण देखिने गरी दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. हरू नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व वैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । तसर्थ अनिवार्य रूपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनुपर्दछ ।

३४ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले आवधिक विकास योजना २०७९।८०-२०८३।८४ तयार गरेको छ । पालिकाले स्थानीय तहको समग्र विकासका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सालवसाली विषयहरुलाई भन्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई समावेश गरी तयार गर्नुपर्ने देखिन्छ ।

३५ **स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

३६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेकोमा कुनैले पनि मासिक एवं वार्षिक रुपमा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण पेश गरेको देखिएन । त्यसैगरी पालिकाबाट सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन

तयार गरेको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३७ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम लेखापरीक्षण अवधिसम्म जिन्सी निरीक्षण गरेको देखिएन । जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नभएकोले पालिकाको जिन्सी मालसामान बारे थप विश्लेषण गर्न सकिएन । तसर्थ पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन लिई सो प्रतिवेदनका आधारमा सोहि नियमको अन्य उपनियममा भएको व्यवस्था अनुसार जिन्सी मालसामानको व्यवस्थापन गर्नुपर्दछ ।

३८ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैला वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाले पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३९ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले यसवर्ष पूँजिगत शीर्षकमा रु.१ करोड ३१ लाख ४५ र चालु शीर्षकमा रु. ३१ लाख १० हजार समेत रु. १ करोड ६२ लाख ५५ हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु बजेट रु. ३९ करोड ५३ लाख १४ हजारको तुलनामा ४.११ प्रतिशत हुन आउँछ । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्चगर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

४० नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था

स्थानीय सरकारको सर्वोच्च अङ्गको रुपमा रहेको सभाबाट पारित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनुपर्दछ । यस पालिकाको गाउँसभाबाट आ.व.२०८१।८२ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वियनमानै आएको देखिएन। कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन् :

स्वास्थ्य तर्फ

१. गुणस्तरीय स्वास्थ्य सेवाको पँहुच तथा स्वास्थ्य सेवाको सुधारको लागी स्मार्ट हेल्थ कार्यक्रम संचालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

२. "सुन्दर बान्नीगढी हराभराः अर्गानीक खाना हाम्रो आहारा" को अभियान मार्फत स्वच्छ फलफुल तरकारी मार्फत स्वास्थ्य सचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

३. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र नागरिक आरोग्य केन्द्र स्थापना गरि पञ्चकर्म, योग, ध्यान, शिरोधार्य वाफ लगायतको सेवालाई विस्तार गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

शिक्षा तर्फ

४. विद्यालय तहमा हुने कक्षा ४ देखि ९ सम्मको बार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण व्यवस्था गाउँपालिकाबाट गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

खानेपानी, सरसफाई तर्फ

५. परम्परागत पानीका मुहानहरु ढुङ्गेधारा, कुवाँ, नाउला र पोखरीजस्ता स्रोतलाई संरक्षण गर्न विशेष ध्यान दिईनेछ । नीजि जग्गामा रहेका पानीका मूहानहरु संरक्षण गरी त्यस्ता जग्गाहरु रहेका पानीका मुहानहरु अनिवार्य रुपमा दर्ता गर्ने प्रक्रिया अघि बढाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

६. घरायसी, संस्थागत एवम् वातावरणीय सरसफाइ प्रवर्द्धनका लागि वातावरण तथा सरसफाइ कार्यविधि निर्माण गरी कार्यान्वियनमा ल्याइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

७. पूर्ण सरसफाई प्रवर्द्धनमा वडा, टोल विकास संस्थाहरु र स्थानीय समुदायको सहभागिता गरी पूर्ण सरसफाईलाई जीवन संस्कारको रुपमा बिकास गर्नका लागि सरसफाई नमुना टोल निर्माणमा जोड दिइनेछ र सोका लागि पूर्ण सरसफाई टोल विकास निर्देशिका वनाई लागु गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

सामाजिक समावेशीकरण तथा गरिबी निवारण तर्फ

८. अपाङ्गता परिचय पत्र डिजिटलाइजेशन गरि वितरण गरिनेछ ।अपाङ्गता भएका (ग) र (घ) वर्गका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउन आवश्यक नीति लिईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

९. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

वन, वातावरण र जलवायु परिवर्तन तर्फ

१०. जलवायु परिवर्तनबाट पर्नसक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैर सरकारी संस्था तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वियनमा ल्याइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

११. बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ, हरित पालिकाको अवधारणा अनुरुप वृक्षारोपण, पार्क निर्माणमा जोड दिईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

सडक भवन तथा सिंचाई तर्फ

१२. वडा नं. ४ तिमिल्सैनको वडा कार्यालय भवन निर्माणका लागी आवश्यक प्रबन्ध गरी भवन निर्माण कार्यलाई प्राथमिकता साथ अघि बढाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

१३. अन्तरपालिका जोड्ने साफे छिपेखोला हुदै बरदादेवीसम्म र जयगढ छातासैन स्याउले सुतार जोड्ने सडक सञ्जाललाई प्राथमिकता दिइनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

१४. पूर्वाधार व्यवस्थापन प्रणाली मार्फत आयोजनाहरुको लगत स्टिमेट, सम्झौता लगायत अनुगमन तथाव्यवस्थापन गर्न नीतिगत व्यवस्था गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

वैकल्पिक उर्जा तर्फ

१५. धुवामुक्त पालिका अभियानका लागी गाउँपालिका क्षेत्रभित्र सुधारिएको चुलोलाई नमूनाको रुपमा कार्यान्वियन प्रारम्भ गरिनेछ र क्रमशः सबै वडाहरुमा विस्तार गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ

१६. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तहको Open Data portal मा update गरिनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

१७. आयोजनामा छुट्याईएको contingency वापतको रकमको छुट्टै लेखा राख्ने र कार्यविधि तर्जुमा गरी परिचालन गर्ने व्यवस्था मिलाईनेछ भनिएकोमा कार्यान्वियन नभएको ।

४१ **करार कर्मचारी**

४१.१ **पारिश्रमिक खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १३९ जना कर्मचारीहरु करारमा राखि रु. ३७९२७८९६।- खर्च लेखेको छ ।

४१.२ **स्वीकृत दरवन्दी वेगरको करार सेवा** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा पालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दीको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करार लिन सकिने उल्लेख छ ।पालिकाले स्वीकृत दरवन्दी बाहिरको पदमा खेलकुद प्रशिक्षक मनोज साउद, युवा स्वरोजगार सञ्चालक झपट साउदका साथै ६ खानेपानी चौकीदारलाई नियुक्त गरी मासिक तलब भत्ता भुक्तानी वापत रु १८२६५०० खर्च गरेको पाइयो ।दरबन्दी भन्दा बाहेक कर्मचारी नियुक्त गरी तलबभत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१८,२६,५००

४२ **बैङ्क मौज्दात घटी**

पालिकाले अवलम्वन गरेको सुत्र प्रणाली अनुसार यस वर्षको आन्तरिक राजस्व रु.५०,५१,९९०।५२ असुली भएको देखिएकोमा वैंक स्टेटमेन्ट अनुसार रु.५०,४४,९७८।५२ मात्र देखिएकोले घटी दाखिला भएको रु.७०१२ यकिन गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,०१२

४३ **जीवन निर्वाह भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा नीति, बजेट, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिइ आपसी तादाम्यता कायम गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका र वडाले एउटै कार्यक्रम तथा योजनामा बजेट खर्च गरेको देखियो । वडा नं २ ले ग र घ वर्गका अपाङ्गता भएका ६ व्यक्तिलाई रु ८००० का दरले रु ४८००० जीवन निर्वाह भत्ता वितरण गरेकोमा पुःन पालिकाले मिति २०८१।०९।११ मा सबै वडाका ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिलाई जनही रु ५५५५। का दरले जीवन निर्वाह भत्ता वितरण गरेको पाइयो ।यसरी तादात्म्यता नमिलाइ दोहोरोपना पर्ने गरी कार्यक्रम गर्नु नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४८,०००

४४ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । सो अनुसार पालिकाले कार्यविधि बनाएर सवै कर्मचारीलाई मासिक रु १५०० का दरले प्रोत्साहन भत्ता भुक्तानी गरेको छ ।त्यसका अतिरिक्त कार्यपालिकाको मिति २०८२।०२।२२ को निर्णयबाट वर्षको अन्तिममा बजेट तथा कार्यक्रमको मस्यौदा लेखन लगायतका कार्य गर्न जिम्मेवारीमा खटाइएका ५ कर्मचारीलाई दैनिक रु. १००० का दरले ३० दिनको रु. १५०००० समेत कुल प्रोत्साहन भत्तामा रु. १७,३२,४००.०० खर्च गरेको छ । पालिकाको आन्तरिक आय रु. ५०,४८,२७८.५२ रहेको तुलनामा प्रोत्साहन भत्तामा ३४.३१ प्रतिशत खर्च भएको देखिन्छ ।पालिकाले आफ्नो आन्तरिक आय समेतलाई विचार गरेर मात्र यस्तो भत्ता भुक्तानी गर्नुपर्दछ ।

४५ **आकस्मिक कोष**

पालिकामा रहेको आकस्मिक कोषमा गत वर्षको जिम्मेवारी रु.११,००,०००।– यस वर्ष प्रदेश सरकारबाट प्राप्त रु. ५०,००,०००।– तथा विभिन्न व्यक्ति तथा संस्थाहरुले विभिन्न समयमा जम्मा गरेको रु.१७,९१,८३१।– समेत रु.७८,९१,८३१।– आम्दानी भएकोमा रु.७३,९९,५०१।– खर्च भई रु.४,९२,३३०।– बाँकी देखिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय वमोजिम छन् ।

४५.१ बान्नीगढी जयगढ गाउँपालिकाको वडा नंवर ३ र ४ मा अवस्थित ऐतिहासिक जयगढ वजारमा मिति २०८१।१२।२६ गते भिषण आगलागी भई उक्त आगलागीबाट बजारमा रहेका घर, टहरा कार्यालय तथा व्यवसायमा करोडौको क्षति हुन गई आगलागीबाट क्षति भएका पिडितहरुलाई राहत प्रदान गर्न प्रदेश सरकार, विभिन्न व्यक्ति तथा संघ संस्थाहरुवाट प्राप्त रकम वितरण गर्नका लागि पालिकाले बान्नीगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी “आगलागि पिडितलाई नगद राहत वितरण कार्यविधि,२०८२” तर्जुमा गरी उक्त कार्यविधिको प्रावधान, मिति २०८२ जेठ २८ गते वसेको विपद व्यवस्थापन समितिको निर्णय एवं २०८२ जेठ २९ गते वसेको वान्नीगढी जयगढ, गाउँकार्यपालिकाको वैठकको निर्णय अनुसार विभिन्न ३९ जना आगलागी पिडितलाई प्रतिव्यक्ति रु.१५०००।– देखि रु.५,३५,०००।– सम्म वितरण गरी रु.६३,२१,०००।– आकस्मिक कोषबाट खर्च गरेको छ । त्यसैगरी अन्य विभिन्न प्राकृतिक प्रकोपमा परेकाहरुलाई राहत तथा विपत व्यवस्थापन समितिको वैठकमा भएका खर्चहरु समेत यसै कोषबाट भएको देखियो ।

४५.२ फरक नाम भएकालाई भुक्तानी - वान्नीगढी जयगढ गाउँ कार्यपालिकाको मिति २०८२ जेठ २८ मा वसेको वैठकको निर्यणबाट विभिन्न ३९ जनाको नाममा नगद राहत उपलब्ध गराउने निर्यण गरेको छ । भौ.न. १२।२०८२।३।८ तथा १४।२०८२।३।१७ बाट विभिन्न ३९ जनालाई नगद राहत पिडितको खातामा जम्मा गरेकोमा निर्णयमा भएका व्यक्ति भन्दा देहाय वमोजिम फरक व्यक्तिको नाममा रकम जम्मा भएको देखिएकोले यस सम्बन्धमा पालिकाले एकिन गरी पिडित व्यक्तिकै लागि निकासा भएको सुनिश्चित हुने प्रमाण पेश गर्नु पर्ने रु.

क्र.स.	**कार्यपालिकाबाट निर्णय भएको नाम**	**रकम प्राप्त गर्नेको नाम**	**प्राप्त रकम**
१	ललित साउद	विनु कुमारी त्रिपाठी साउद	५००००
२	रुद्र साउद	वसन्ती साउद	३००००
जम्मा			८००००

प्रमाण पेश नगरेको	८०,०००

४५.३ रकम फिर्ता नभएको: भौचर नं २।२०८१।११।२२ पालिकाले आकस्मिक कोष अन्तर्गत विभिन्न प्राकृतिक जन्य प्रकोप तथा विपदजन्य कार्यको उद्धार, राहत, पुनर्स्थापना तथा पूर्वतयारी खर्च शीर्षकवाट भुकम्पबाट प्रभावित देहाय वमोजिमका ४ जनालाई जिल्ला प्रशासन कार्यालयबाट सोधभर्ना हुने गरी रकम भुक्तानी गरेकोमा लेखापरीक्षण अबधीसम्म उक्त रकम सोधभर्ना प्राप्त नभएकोले उक्त रकम सोधभर्ना प्राप्त गरी आकस्मिक कोषमा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्ने रु.

क्र.स.	**राहत प्राप्त गर्ने**	**ठेगाना**	**वडा नं**	**रकम**
१	तिलकराज जैशी	वान्नीगढी जयगढ गाउँपालिका	४	५००००
२	मुनादेवी ठकुल्ला	वान्नीगढी जयगढ गाउँपालिका	४	५००००
३	माया सेटी	वान्नीगढी जयगढ गाउँपालिका	३	५००००
४	शान्ता देवी साउद	वान्नीगढी जयगढ गाउँपालिका	३	५००००
जम्मा				२०००००

प्रमाण पेश नगरेको	२,००,०००

४६ **बैठक भत्ता सम्बन्धमा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०८० को नियम ३८ को उपदफा ५ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा

नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले विभिन्न बैठकको भत्ता भुक्तानी गर्दा देखिएका व्यहोरा निम्न बमोजिम छन् ।

४६.१ **माइनुट संख्या भन्दा बढीको भुक्तानी -**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६.२ **बैठकको प्रमाण -** गो. भौ. नं. १३०।२०८१।१०।१६ बाट ३ नम्बर वडाको वडा समितिका पदाधिकारी तथा कर्मचारीको बैठकको माइनुट संलग्न नगरी बैठक भत्ता वापतको भत्ता खर्च भुक्तानी गरेको देखियो । यस सम्बन्धमा लेपको क्रममा बेरुजु औंल्याएपछि निमित्त कार्यालय प्रमुखबाट रु १३६०० असूल गरी दाखिला भएको छ ।देहाय बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई समेत सोही प्रकारको भुक्तानी भएको रकम असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

सि नं	पदाधिकारी कर्मचारीको नाम पद	बुझेको भत्ता रकम	कर कट्टी रकम	कर कट्टी बाहेक असुल गर्नुपर्ने रकम
१	वडाध्यक्ष टेक बहादुर साउद	६०००	९००	५१००
२	वडा सदस्य चन्द्रा कुमारी कुँवर	६०००	९००	५१००
३	वडा सदस्य ललित बहादुर साउद	६०००	९००	५१००
	जम्मा	**१८,०००**	**२,७००**	**१५,३००**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१५,३००

४७ **मेला व्यवस्थापनमा सहयोग**

महालेखा नियन्त्रक कार्यालयको आ व २०७९।८० बजेट कार्यान्वयन सम्वन्धी परिपत्रको बुदा नं ङ (३) कुनै पनि भुक्तानि गर्नुपर्ने रकम बैंक खाता मार्फत सम्वन्धितको नामको बैक खातामा EFT मार्फत भुक्तानी हुनुपर्ने ब्यवस्था गरेको छ।पालिकाले गो भौ नं १२६। २०८१।१०।२० बाट वडा नं १ डौठेगडा मेला र वडा नं ४ सैनिगडा मेला व्यवस्थापन वापतको सहयोग रकम मेला व्यवस्थापन समितिको खाता खोल्न लगाइ सोही खातामा EFT मार्फत भुक्तानी दिनुपर्नेमा व्यक्तिलाई भुक्तानी दिएको छ ।कुन मेलालाई कति रकम

सहयोग गर्ने भन्ने विषयमा गाउँ सभाको स्पष्ट निर्णय नभएको तथा मेला व्यवस्थापन समितिले समेत स्पष्ट रुपमा रकम नखुलाइ भुक्तानी माग गरेको अवस्थामा डौठेगडा मेलाका लागि संयोजक राम बहादुर थापालई रु १२५००० र सैनिगडा मेलाका लागि वडा सचिव लोकेन्द्र ठकुल्लालाई रु ९०००० भुक्तानी गरेको छ । यसरी स्पष्ट कार्यविधि वा पालिकाको निर्णय बेगर व्यक्तिको नाममा गरेको भुक्तानी रकम नियमसम्मत नदेखिएको रु

अनियमित भएको	२,१५,०००

४८ **नर्म्स भन्दा बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **सक्कल विजक बेगर भूक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्याविधि सम्बन्धी व्यवस्था छ जस अनुसार सक्कल विल भर्पाइ संलग्न राखेर मात्र खर्च लेख्नुपर्नेमा निम्न गोश्वारा भौचरहरुबाट फोटोकपी बिलका आधारमा रु ३,३३,८१९ भुक्तानी भएकोले दोहोरो भुक्तानी हुन सक्ने हुँदा दोहोरो खर्च नभएको पुष्ट्याँइ सहित सक्कल बिल पेश गर्नुपर्ने रु.

गो भौ नं मिति	**खर्च भएको शीर्षक**	**भुक्तानी भएको फर्म**	**भुक्तानी रकम**
१५०।२०८१।११।०१	सवारी साधन मर्मत	जय माँ चण्डिका अर्डर एण्ड सप्लायर्स	९५९९९
३७८।२०८१।०३।०८	खाजा खाना	होटेल सनसाइन रेस्टुरेन्ट एण्ड लज	१६६००
४३७।२०८१।०३।२५	खाजा खाना	नमस्ते रेस्टुरेन्ट	३८९००
४३७।२०८१।०३।२५	खाजा खाना	मालिका होटेल	३८८००
४३७।२०८१।०३।२५	पुस्तक	त्रिपुरा सुन्दरी ट्रेडर्स	१४३५२०
जम्मा			**३३३८१९**

प्रमाण पेश नगरेको	३,३३,८१९

५० **सहभागी भत्ता**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ मा सार्वजनिक श्रोत परिचालनमा थप दबाब सिर्जना नहुने गरी आर्थिक दायित्व सिर्जना भएको खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाको विभिन्न शाखाले सञ्चालन गरेका तालिम, गोष्ठी, अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम तथा प्रतियोगितामा पदाधिकारीलाई उद्घाटन तथा समापनका नाममा तथा असम्बन्धित प्रशासनिक कर्मचारीलाई ठोस कार्यविभाजन बेगर सहभागी भत्ताका नाममा भत्ता भुक्तानी गरेको छ ।।कार्यक्रम सञ्चालनमा प्रयोग नै नभएको जनशक्तिलाई सहभागी भत्ता वितरण गर्दा खर्चमा अनियन्त्रित वृद्धि भइ सरकारी कोषमा दबाब सिर्जना हुन्छ । कुनै कार्यक्रममा सम्बन्धित पदाधिकारी एवं जनशक्तिको अपरिहार्यता एवं वास्तविक भूमिका तथा योगदान भएमा मात्र सहभागी भत्ता भुक्तानी गर्ने परिपाटीको विकास गरी मितव्ययीता एवं पारदर्शिता अवलम्बन गर्न प्रोत्साहित गर्नुपर्दछ । नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा निम्न बमोजिमको कार्यक्रममा स्पष्ट कार्य जिम्मेवारी बेगर पदाधिकारी एवं असम्बन्धित कर्मचारीलाई ३६ प्रतिशत सम्म सहभागी भत्ता भुक्तानी गरेको देखियो ।पालिकाले यस किसिमका कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको हितमा गर्नुपर्दछ ।

गो भौ नं	कार्यक्रम	कुल खर्च	सहभागी भत्ता पदाधिकारी	सहभागी भत्ता कर्मचारीको	सहभागी भत्ता / सामग्री वितरण लक्षित वर्गको	कुल खर्च मध्ये कर्मचारी तथा पदाधिकारी भत्ता प्रतिशत
७।२०८१।०८।२७	लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान	२०००००	१४४५०	२२१००	३१८५०	१८
१४। २०८१। १२।०६	विद्यालयमा किशोर किशोरीहरुको आत्मरक्षा तालिम	२०००००	१८०००	१९०००	६६०००	१८.५
१५। २०८१। १२।०६	बालविवाह न्यूनीकरण र सुरक्षित महिनावारी व्यवस्थापन	१४९६७०	३६५००	१८०००	५४०००	३६
२३।	जातीय विभेद न्यूनीकरणका लागि सरोकारवालालाई २ दिने अन्तर्क्रिया कार्यक्रम	१५००००	२००००	१८०००	५८१००	२५
२०	लागू पदार्थ दुर्व्यसनी न्यूनीकरणका लागि सरोकारवालाहरुसँग	३०००००	१८०००	१४६००	१५७६००	११
जम्मा		**९९९६७०**	**७४५००**	**९१७००**	**३६७५५०**	

५१ **भ्रमण कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार विल भर्पाइ सम्लग्न राखेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।गो भौ नं १७५।२०८१।११।१३ बाट वडा नं ३ वडा कार्यालयका कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य चौकी कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाको सुर्खेत भ्रमण वापत रु १००००० भुक्तानी खर्च लेखेको छ । भ्रमण कार्यक्रममा खाजा खानाका अलावा गाडी ट्राभल खर्च वापत भानुभक्त वलीका नाममा कनेक्ट आइपिएसको माध्यमबाट रु ५०००० ट्रान्स्फर भएको प्रमाण संलग्न भएकोमा गाडी भाडाको सम्झौता पेश भएको छैन । अतः भ्रमणको खर्च पुष्ट्याई हुने गाडी भाडा सम्झौता पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५०,०००

५२ **लागत साझेदारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिका कृषितर्फ ७५% लागत साझेदारी कार्यक्रममा किसानलाई तरकारी बाली बिउबिजन वितरण गर्नका लागि रु. ८६,२६३। को बिउबिजन खरिद गरी रु. ८१,३१३। भुक्तानी खर्च लेखेको छ ।बिक्रेता जालपादेवी एग्रोभेटलाई पालिकाले कुल खरिद रकम रु. ८६,२६३। को ७५ प्रतिशतले हुने रकम रु. ६४,६९७। भुक्तानी गर्नुपर्ने साथै किसानले लागत साझेदारी वापत रु. १६,६१५। सोही फर्मका नाममा दाखिला गर्नुपर्नेमा सो नगरी पालिकाले रु. ८१,३१३। भुक्तानी दिएको छ ।पालिकाबाट बढी भुक्तानी भएको रु. १६,६१५। सम्बन्धित फर्मबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१६,६१५

५३ **पदाधिकारी तथा कर्मचारी भ्रमण कार्यक्रम**

पालिकाले अन्य जिल्लाको विभिन्न गतिविधिको अवलोकन गरी भ्रमण कार्यक्रममा सिकेका कुरालाई आफ्नो क्षेत्रमा आइ लागू गर्ने उद्देश्यका साथ जनप्रतिनिधि तथा कर्मचारी सहितको टोलीको फागुन १६

देखि २६ सम्म १० दिन लुम्बिनी, पाल्पा, मुस्ताङ, पोखरा, काठमाडौंको अवलोकन भ्रमणका लागि इन्धन र गाडी भाडामा रु २,०५,३०१। समेत कुल रु. ७,१०,०००। हजार खर्च गरेको छ ।यस सम्बन्धी थप व्यहोरा निम्न बमोजिम रहेका छन् ।

५३.१ कागजात पेश - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले दिएको जानकारी अनुसार भ्रमण टोली मुस्ताङ रहेको समयमा कार्यपालिका सदस्य तुलसी थापा सिकिस्त बिमारी भइ निजलाई उद्धार गर्न उपाध्यक्ष बिन्दु रावल समेत पोखरा-धनगढी- काठमाडौं हवाइ यात्रा गरी फर्कनु परेको कारण जनाई हवाइ भाडामा रु २३,६००। खर्च गरेको देखियो ।यस सम्बन्धमा कार्यापालिका सदस्यको बिरामी भएको पुष्टि हुने अस्पतालको मेडिकल चेकजाँचको कागजात पेश भएन ।अतः अस्पतालमा चेकजाँचको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२३,६००

५३.२ खर्चको उपयोग - सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ मा सार्वजनिक श्रोत परिचालनमा थप दबाब सिर्जना नहुने गरी आर्थिक दायित्व सिर्जना भएको खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था उल्लेख छ। सरकारी कोषबाट रकम खर्च गर्दा मितव्ययिता अपनाउनुपर्नेमा पालिकाले स्पष्ट उद्देश्य र लाभ नरहेको कार्यक्रम तर्जुमा गरी भ्रमणमा रु ७,१०,०००। खर्च गरेको तर उक्त भ्रमणबाट प्राप्त सिकाइ तथा उपलब्धीलाई अभिलेखीकरण र आन्तरिकीकरण गरेको देखिएन । कार्यालयबाट आयोजना गरिने भ्रमण कार्यक्रमलाई पुनर्ताजगीका अलावा सिकाइ उपलब्धीको माध्यम समेत बनाइ सरकारी खर्चको उच्चतम उपयोग गर्नेतर्फ पालिका केन्द्रित हुनुपर्दछ ।

५४ **फलामे टनेल निर्माण**

सार्वजनिक खरिद नियमावलीको नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्यको विल विजक भुक्तानी गर्दा प्राविधिक नाँपजाँच सहित नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले जलवायु अनुकुलन मैत्री कृषि विकास अन्तर्गत ८० प्रतिशत लागत साझेदारीमा फलामे टनेल निर्माण कार्यक्रम अन्तर्गत सूचना प्रकाशन गरी कृषक समूह तथा कषि फर्महरुबाट प्रस्ताव माग गरी छनौट भएका ७ कृषि तथा पशुपंक्षी फर्मलाई हस्तान्तरण गर्न टनेल निर्माण वापत रु. ४,९३,३८६। खर्च गरेको छ ।टनेल निर्माणका लागि आवश्यक विभिन्न साइजका फलाम, प्लास्टिक लगायतका निर्माण सामग्रीको खरिद पालिकाले गरेर क्लीप, गज, प्लास्टिक डोरी लगायतका सामग्रीको लागत लाभग्राहीले व्यहोर्ने शर्तमा ७ टनेल निर्माण गरी सम्बन्धित कृषक फर्मले बुझेको भरपाइका आधारमा पालिकाले भुक्तानी गरेको छ। पालिकामा सम्बन्धित कृषक फर्महरुले खरिद गरेका सामग्रीका पूर्ण बिल भरपाइ पेश नभएको साथै टनेल निर्माणका लागि इन्जिनियरबाट स्वीकृत लागत अनुमान तथा निर्माण सम्पन्न भए पश्चातको नापी किताब र सो अनुसारको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले नियमले तोकेको सम्पूर्ण कागजातको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

अनियमित भएको	४,९३,३८६

५५ **कानुनी परामर्श**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।गो भौ नं ४३६।२०८२।०३।२५ मा वडा नं ३ स्थित कोल्ड स्टोर ठेक्का प्रकृयामा उच्च अदालत दिपायलमा परेको रिटको विषयमा सिभिल ल फर्मलाई रु. १,००,००० भुक्तानी दिएको बिल पेश नभएकोमा लेखापरीक्षण अवधि पश्चात मिति नखुलेको बिल पेश भएकोले खर्चको एकिन गर्न सकिएन ।तसर्थ उक्त खर्च सम्बन्धमा कार्यालयले एकिन गरी नियमित गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

५६ युवा तथा खेलकुद

५६.१ पालिकाले सञ्चालन गर्ने विभिन्न खेलकुद प्रतियोगिताहरुमा खर्च गर्दा स्वीकृत वजेट तथा कार्यविधिको परिधिभित्र रहि खर्च गर्नु पर्दछ । पालिकाले सञ्चालन गर्ने अध्यक्षकप भलिवल प्रतियोगता, राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता, पालिका स्तरीय भलिवल प्रतियोगिता लगायतका लागि वजेट विनियोजन गर्दा कार्यक्रम वाइज वजेट विनियोजन नगरी यस वर्ष युवा तथा खेलकूद कार्यक्रममा एकमुष्ट रु.२० लाख विनियोजन गरेको र पटके निर्णयका आधारमा खर्च गर्ने गरेको पाइयो । यसरी कार्यक्रमवाइज वजेट विनियोजन नगर्दा तोकिएको सीमाभित्र रहि खर्च नहुने र बढी खर्च भएको रकम एकमुष्ट वजेटबाट खर्च समर्थन तथा निर्णय गराउने गरेको देखिन्छ । गाउँपालिका स्तरीय कला, संस्कृति तथा खेलकूद विकास समिति गठन तथा संचालन कार्यविधि, २०८० मा गाउँपालिका आफै आयोजक भई सञ्चालन गर्ने गाउँपलिका कप, अध्यक्ष कप, उपाध्यक्षकप जस्ता प्रतियोगिताका लागि बढीमा रु. ५ लाख सम्म खर्च गर्ने उल्लेख भएकोमा यस वर्ष २०८१ कार्तिक ८ गते वसेको कार्यपालिकाको वैठकको निर्यणले उक्त सीमा वढाई वढीमा रु.८ लाख सम्म खर्च गर्न सक्ने गरी कार्यविधि संशोधन गरेको छ । यस सम्बन्धमा देखिएको थप व्यहोरा देहाय वमोजिम रहेको छ ।

५६.२ **सीमा नघाई खर्च** - गाउँपालिका स्तरीय कला संस्कृति तथा खेलकुद विकास समिति गठन तथा संचालन कार्यविधि २०८०(संसोधन सहित) दफा ११ तथा कार्यपालिकाको २०८१ कार्तिक ८ गतेको वैठकको निर्णय अनुसार गाउँपालिका आयोजक भई सञ्चालन गर्ने पालिका स्तरीय अध्यक्षकप भलिवल प्रतियोगिता संचालन तथा व्यवस्थापनका लागि रु. ८ लाखको सिमाभित्र रहि उक्त प्रतियोगिता संचालन गर्ने निर्णय गरेको छ । पालिकाले भौ.न.२२।२०८१।९।७ वाट युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम अन्तर्गत गाउँपालिका स्तरीय दोस्रो अध्यक्षकप भलिबल प्रतियोगितमा भएको खर्च रु.७,५०,०००।– मध्ये प्रशासकीय अधिकृत झनक रेग्मीको नाममा रहेको पेश्की रु.२,५०,०००।– पछ्यौंट गरी वाँकी रकम भुक्तानी गरेको छ ।उक्त प्रतियोगिताका लागि प्रस्ताव गरिएको रकम मध्ये दोस्रो स्थानको पुरस्कार राशी रु.८१०००।– का सम्बन्धमा प्रथम स्थानको लागि बान्नीगढी जयगढ गाउँपालिका र मेल्लेख गाउँपालिका बीच फाइनल खेल भईरहेको अवस्थामा मेल्लेख गाउँपालिकाका सहभागि खेलाडीहरुले रेफ्रीसँग अनावस्यक विवाद गरी रेफ्रीको निर्देशन नमानेको र तोकिएको समयभित्र खेलमा बोलाउँदा बीचैमा खेल्न छोडी सहभागी हुन नआएकोले बान्नीगढी जयगढ गाउँपालिकाई प्रथम स्थान घोषणा गरेको र दोस्रो स्थानको पुरस्कार वितरण नभएको देखिन्छ । यसरी दोस्रो स्थानको पुरस्कारका लागि छुट्याएको रु.८१,०००।– खर्च नभएको अवस्थामा पनि उक्त प्रतियोगितामा रु.७,५०,०००।– खर्च गरेको देखिएकोले उक्त रु.८१,०००।– समेत थप गर्दा रु.८,३१,०००।– खर्च हुने देखिन्छ । यसरी पुरस्कारका लागि छुट्याईएको रकम खर्च नभएको अवस्थामा सो रकम पुरै फिर्ता हुनु पर्नेमा सीमा नघाई खर्च गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	८१,०००

५७ दिवा खाजा

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं. २.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका लागि प्रति विद्यार्थी दैनिक रु.१५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष बालविकास समेत ३३ विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रु.२८३६०८०।- उपलब्ध गराएको छ। विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसारनै दिवा खाजा वितरण भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ।

५८ सामाजिक सुरक्षा सम्बन्धमा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्

५८.१ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार

गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

५८.२ **सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

५८.३ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको विवरण पेश हुन आएन।अनुगमन तथा निरीक्षण अनुगमन तथा निरिक्षणको अभावमा वितरण प्रकृया नियमानुसार भएको छ भन्ने एकिन नहुने साथै सोमा गर्नुपर्ने सुधारका लागि पृष्ठपोषण नहुने हुँदा कार्यविधिको व्यवस्था कार्यान्वियनमा पालिकाले ध्यान दिनुपर्दछ ।

५८.४ **निस्कृय खाता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन ।तसर्थ निष्क्रिय खाता सम्वन्धी विवरणका अभावमा कति खाता निष्क्रिय छन र सोमा कति रकम बाँकि छ एकिन गर्न सक्ने अवस्था रहेन। पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी निष्कृय खातामा रहेको रकम फिर्ता गर्नुपर्छ।

५९ लाभग्राही अद्यावधिक

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि बैङ्कबाट रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले सम्बन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन। कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानबिन गरी भत्ता रकम फिर्ता दाखिला गर्नुपर्दछ।

६० मु.अ.कर कट्टी नगरेको

मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ग बमोजिम सरकारी निकायले ठेक्का वा करार बापतको रकम भुक्तानी गर्दा कर रकमको ३०% रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ | पालिकाले देहाय बमोजिमका फर्म। संस्थालाई बिल भुक्तानी गर्दा भुक्तानी दिएको मु.अ.कर रकमको ३०% ले हुने रु.४३८३८।-कट्टा नगरी भुक्तानी गरेकोले मु.अ.कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु

भौ.नं. मिति	विवरण	फर्म।संस्थाको नाम	जम्मा भुक्तानी	जम्मा मु.अ.कर	३०% मु.अ.कर
९९।०८२।१।२५	रोजगार सुरक्षा सामाग्री (**विजक नं. ५)**	जयश्री बैजनाथ इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. (६१९८३३४२८)	२९५८३२	३४०३४	१०२१०
३६।२०८१।१२।१४ गा पा चालु शिक्षा	प्रश्नपत्र लगायत छपाई कार्य	खप्तड अफसेट प्रेस	४८१६८०	५५४१४	१६६२४
१५३।२०८२।३।१८	सेनिटरी प्याड खरिद(**विजक नं. ५२)**	झरना इन्टरप्राइजेज कोटेश्वर, काठमाण्डौ	४९२६८०	५६६८०	१७००४
जम्मा			१२७०१९२	१४६१२८	४३८३८
				प्रमाण पेश नगरेको	४३,८३८

६१ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैनन भन्ने व्यवस्था गरेको छ । पालिकाले देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरुलाई ऐनले तोकेको सुविधाका अतिरिक्त विभिन्न योजना तथा विद्यालय अनुगमन गरेको भनि थप अनुगमन भत्ता भुक्तानी गरेकोले ऐन अनुसार नपाउने भत्ता भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

भौचर नं मिति	अनुगमन गर्ने पदाधिकारी	विवरण	भुक्तानी रकम	कर कट्टी पछि बढी भुक्तानी
११७।२०८२।२।२९	उपाध्यक्ष श्री विन्दु रावल	रोजगार आयोजना हरुको अनुगमन निरीक्षण ८ पटक	८०००	६८००
११७।२०८२।२।२९	कार्यपालिका सदस्य पशुपति सुनार	रोजगार आयोजना हरुको अनुगमन निरीक्षण ८ पटक	८०००	६८००
५९।२०८२।३।२४	कार्यपालिका सदस्य मोहनलाल ताम्राकार	रोजगार आयोजना हरुको अनुगमन निरीक्षण ८ पटक	८०००	६८००
गा.पा. शिक्षा चालु ५९।२०८२।३।२४	उपाध्यक्ष श्री विन्दु रावल	विद्यालय दिवा खाजा अनुगमन ६ पटक	६०००	५१००
जम्मा				२५५००
			असुल गर्नुपर्ने	२५,५००

६२ **नर्म्स भन्दा बढी भुक्तानी**

अर्थमन्त्रालयद्वारा जारी भएको कार्यसंचालन निर्देशिका २०८१ को अनूसूची ११ मा भएको प्रावधान अनुसार गाउँपालिका स्तरमा संचालन हुने अन्य तालिम अन्तर्गत सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम रु. ७००।- मात्र पाउने उल्लेख छ। पालिकाले निम्न अनुसारको विभिन्न तालिम संचालन गरेकोमा पालिका अन्तर्गतकै श्रोत व्यक्तिलाई नर्म्स भन्दा बढी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रू.

भौचर नं मिति	विवरण	प्रशिक्षक	सेसन संख्या	भुक्तानी रकम	भुक्तानी हुनुपर्ने	करकट्टी पछिको बढी भुक्तानी
११६। २०८२।२। ३०	IT फोकल पर्सनलाई ICT सम्बन्धी तालिम	क.अ. कैलाश वलायर	८	९६००	५६००	३४००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३,४००

६३ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली २०५९, को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षाम विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः ५०,४५ र ४० हुनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम रहेको छ ।

क्र.स.	विद्यालयको नाम	स्थायी र राहत शिक्षक दरबन्दी संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री राष्ट्रभाषा माध्यामिक विद्यालय गाँञ्रा	९	१३८	१:१६
२	श्री अरुणोदय आधारभूत विद्यालय जनालीकोट	२	२६	१:१३
३	श्री नवदुर्गा आधारभूत विद्यालय जनालीकोट	५	७०	१:१४
४	श्री बागेश्वर आधारभूत विद्यालय बर्दादेवी	५	१०८	१:२२
५	श्री धम्कोट आधारभूत विद्यालय बर्दादेवी	५	६८	१:१४
६	श्री जनज्वती आधारभूत विद्यालय बर्दादेवी	६	२६६	१:४५
७	श्री नन्दा आधारभूत बिद्यालय बर्दादेवी	४	६८	१:१७
८	श्री सरस्वती माध्यामिक विद्यालय बर्दादेवी	१९	६०९	१:३२
९	श्री आदर्श आधारभूत विद्यालय तिमिल्सैन	२	१९	१:९
१०	श्री अलकनन्दा माध्यामिक विद्यालय तिमिल्सैन	८	२७०	१:३४
११	श्री जलेश्वर आधारभूत विद्यालय कालिका	४	४८	१:१२
१२	श्री जाल्पादेवी आधारभूत विद्यालय कालिका	१	१८	१:१८
१३	श्री कालिका आधारभूत विद्यालय कालिका	१	१५	१:१५
१४	श्री नन्दा माध्यामिक विद्यालय कालिका	१७	२८३	१:१७
१५	श्री शान्नीकोट आधारभूत विद्यालय कालिका	५	१७०	१:३४
१६	श्री ऐश्वर्य माध्यामिक विद्यालय दर्ना	१२	३४६	१:२९
१७	श्री बालकल्याण आधारभूत विद्यालय दर्ना	३	१२७	१:४३
१८	श्री विन्धवासिनी माध्यामिक विद्यालय	१३	४७७	१:३७
१९	श्री मष्टेश्वरी आधारभूत विद्यालय दर्ना	२	२१	१:११
२०	श्री नन्दामाता आधारभूत विद्यालय दर्ना	५	६३	१:१३
२१	श्री रामारोशन आधारभूत विद्यालय दर्ना	४	३१	१:८
जम्मा विद्यार्थी संख्या		**१३२**	**३२४१**	**१:२५**

उपर्युक्त तालिका अनुसार पहाडी जिल्लामा पर्ने यस पालिका अन्तर्गतका विद्यालयमध्ये जनज्योती माध्यामिक विद्यालय बर्दादेवीमा मात्र शिक्षक विद्यार्थी अनुपात १:४५ भएको देखिन्छ । अन्य विद्यालयहरु मध्ये शिक्षकको तुलनामा विद्यार्थी कम भएका रामारोशन माध्यामिक विद्यालय दर्नामा १:८, आदर्श आधारभूत विद्यालय तिमल्सैनमा १:९, मस्टेश्वरी आधारभूत विद्यालय दर्नामा १:११, नन्दामाता आधारभूत विद्यालय दर्नामा १:१३, अरुणोदय आधारभूत विद्यालय जनालीकोटमा १:१३ एवं नवदुर्गा आधारभूत विद्यालय जनालीकोटमा १:१४ रही १ शिक्षक बराबर १५ जना भन्दा कम विद्यार्थी रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात नमिलेका अर्थात, विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई नियमानुसार मर्ज गर्नुपर्ने एवं शिक्षक दरबन्दी मिलान गर्दै जानुपर्ने देखिन्छ ।

६४ पालिका अनुदान शिक्षक

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यार्थी संख्याका आधारमा हिमाल, पहाड तथा तराईका विद्यालयहरुमा तोकिएको विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्नुपर्ने, शिक्षक

दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष दरबन्दी मिलानका उल्लेखित प्रक्रिया पालना नगरी संघीय सरकारबाट प्राप्त दरबन्दी बराबरको शिक्षक पदपूर्ति भएको अवस्थामा समेत पालिकास्तरबाट नै तलब भत्ता उपलब्ध गराउने गरी विभिन्न ८ विद्यालयमा २० जना पालिका अनुदान शिक्षक नियुक्त गरी पोषाक खर्च समेत रु ६८ लाख ८२ हजार खर्च गरेको छ। पालिकाको आन्तरिक आय रु ५० लाख ५१ हजार मात्र रहेकोमा दिर्घकालिन दायित्व सिर्जना हुने गरी ठुलो मात्रामा करार शिक्षक नियुक्ती गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैंन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान तथा दरबन्दी मिलान गरी शिक्षक तलब भत्तामा हुने खर्च नियन्त्रण गर्नुपर्दछ।

६५ **सामाजिक तथा आर्थिक परीक्षण**

शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा सामाजिक एवम् आर्थिक लेखापरीक्षणका लागि अनुदान उपलब्ध गराउने व्यवस्था रहेको र प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार अनिवार्य रुपमा सामाजिक परीक्षण गर्ने एवं स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै आर्थिक लेखापरीक्षण गराई सोको प्रतिवेदन स्थानीय तहमा पठाउने समेत व्यवस्था छ । पालिकाले यस वर्ष ६ वटा माध्यामिक विद्यालयलाई रु. १५०००। का दरले र १५ वटा आधारभूत विद्यालयलाई रु.१००००।– का दरले जम्मा रु.२,४०,०००।– निकासा दिएकोमा विद्यालयहरुबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश नगरेकोले कार्यविधमा उल्लेख भए बमोजिम लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नुपर्दछ । यस सम्बन्धमा छलफल गर्दा प्रथम त्रैमासिक अवधि भित्र विद्यालयहरुले सामाजिक तथा आर्थिक लेखापरीक्षण गराउने गरेको पालिकाको भनाई रहेको छ । त्यसैगरी राष्ट्रभाषा माध्यामिक विद्यालय गाँज्रा र अरुणोदय आधारभूत विद्यालय जनालीकोटले आ.व. २०८०।८१ को समेत लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोमा लेखापरीक्षण क्रममा बेरुजु औंल्याएपछि लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ ।

६६ **प्रोत्साहन अनुदान**

भौचर नं १६२।३।२३ शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा तोकिएको सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रति विद्यालय वार्षिक रु. २ लाख देखि ३ लाख अनुदान दिने व्यवस्था छ ।यसरी अनुदान दिएका विद्यालयहरुको स्थानीय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने समेत व्यवस्था छ । यसवर्ष पालिकाले सरस्वती माध्यामिक विद्यालयलाई रु.३,००,०००।-तथा झलक नन्दा मा.वि. लाई रु.२००,०००।– अनुदान दिएको छ । कार्यक्रम कार्यान्वयन कार्यविधिमा व्यवस्था भए अनुसार विद्यालयहरुले प्रस्ताव अनुसार अनुदान रकमको उपयोग गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्दछ ।

६७ **संस्था तोकेर कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा बजेट तथा कार्यक्रम तयारी सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले यो वर्ष पूँजिगत शीर्षकतर्फ देहायअनुसार संस्थाबाट कार्य गर्ने गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेको देखियो । पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निश्चित संस्था तोकी कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

क्र. स.	**शिर्षक**	**बिनियोजित रकम**	**खर्च भएको रकम**
१	युनिस कृषि तथा पशुपंक्षि फर्म (कुखुरा खोर निर्माण)	८०००००	७७६०००
२	नमुना कुखुरा खोर निर्माण(५० प्रतिशत अनुदान)	३०००००	२६५२८१.२५
३	रमेश कृषि तथा पशुपंक्षी फर्म व्यवस्थापन	२०००००	१९२५४७.५०
	जम्मा रकम	**१३,००,०००**	**१२,३३,८२८.७५**

६८ **नापी किताब**

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि महालेखा परीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागु गरेको म.ले.प.फा.नं.५०३ को ढाँचामा निर्माण कामको परिमाण र रकम खुलाउनुपर्ने एवम सार्वजनिक निकायले प्रयोग गरेका कम्प्यूटीकृत

नापी किताबमा पाना नं.सिलसिलेबार राखी नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. ५१२ मा प्रबिष्टी गरी नापी किताबको अभिलेख राख्नुपर्ने ब्यबस्था रहेको छ । नापी किताब सम्बन्धी स्वीकृत (फाराम) नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरि नापजाँच गर्ने, सिफारीस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख गर्नुपर्ने प्राबधान गरेको पाईयो। लेखापरीक्षणको क्रममा पेश भएका नापी किताबको परीक्षण गर्दा कम्प्युटर प्रिन्टबाट नापी किताब तयार गरेकोमा स्वीकृत ढाँचा अनुसार बिबरणहरु नापी किताबमा अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम लगायत स्वीकृत ढाँचामा उल्लेख भए अनुसारका आवाश्यक बिबरणहरु नापी किताबमा चढाएको देखिएन । अतःनापी किताबमा खुलाउनुपर्ने व्यहोरा सबै खुलाई नापी किताब नियत्रण खाता म.ले.प.फा.नं. ५१२ मा अभिलेख जनाई नापी किताब प्रयोगमा ल्याउनु पर्दछ। तसर्थ नापी किताबमा चढाएको परिमाण अनुसार प्राबिधिक मूल्यांकनमा परिमाण र रकम ठिक दुरुस्त छ भन्ने कुरामा आश्वस्त हुन नसकिएकोले यस तर्फ कार्यालयले यकिन गरी सुधार गर्नुपर्दछ ।

६९ **कार्यक्रम प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूची-२ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले धेरै कार्यक्रममा शून्य तथा न्यून प्रगति गरेको छ। पालिकाले पुरा गर्न सक्ने योजनाहरू छनोट गरी कार्यान्वियनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शून्य प्रगति भएका पुँजीगततर्फका योजनाहरूको केही उदाहरण देहायअनुसार छन्:

क्र.स.	शिर्षक	बिनियोजित रकम	प्रगति
१	पारीघर खोला संरक्षण तथा गोरेटो बाटो निर्माण	२,५०,०००	०
२	गोपखेत मडा पोल्ना ग्रामिण सडक निर्माण	२,००,०००	०
३	बिन्देवासिनि मा बि खेल मैदान निर्माण	१,००,०००	०
४	पुजगाँउ बुडाखोला सिचाँई मर्मत	९०,०००	०
५	तोल्यान पटकानि चौतारा निर्माण	५०,०००	०
६	सिमखेत देखी बाचकोट दलित टोलका लागि खानेपानि योजान निर्माण	२,००,०००	०
७	जाल्पादेबी मुल मन्दिर निर्माण	२,५०,०००	०
८	स्वर्गिय नर बहादुर स्वाँरको शालिक निर्माण	५,००,०००	०
९	जनालिकोट कालागाँउ सडक निर्माण	३,००,०००	०
१०	तिमिल्सैन स्वास्थ्य चौकी प्रतिक्षालय निर्माण	१,५०,०००	०
११	सु. प. प्रदेश सरकारको हस्तान्त्रित आयोजना ओखलढुंगा भालुमारे खेलमैदान निर्माण	१०,००,०००	०
११	कृषि उपजका लागि कोल्ड स्टोर निर्माण (संघिय सरकारको अनुदान रकम रु ११०००००० र बान्नीगढी जयगढ गाँउपालिकाको बिनियोजित रकम रु ६००००००)	१,७०,०००००	०
	जम्मा रकम	२,००,९०,०००	

७० **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २७.२० देखि ५०.५९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो ।

पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

ब.उ.शि.नं	कामको विवरण	ठेक्का न	निर्माण ब्यवसयिको नाम	लागत इस्टिमेट	सम्झौता रकम	घटि प्रतिशत
प्रदेश	माझेठाना काडाकोट सुतार सडक	डब्ल्यू।१।०८१।८२	मिसन कन्स्ट्रक्सन अछाम	४५५५४९३	२२६९६४८	५०.५९
प्रदेश	सुकिवाग लिडी हुदै थालाकोट सडक	डब्ल्यू।२।०८१।८२	भगत कन्स्ट्रक्सन	९२४८११३	४९४८५४५	४६.८५
प्रदेश	जनालीकोट स्वा.चौ.भवन	डब्ल्यू।३।०८१।८२	मिसन कन्स्ट्रक्सन अछाम	४३२३५००	२९१९२९०	३२.८३
गा.पा.	सरस्वती मन्दिर	डब्ल्यू।४।०८१।८२	भैरी कन्स्ट्रक्सन अछाम	३८७३०४९	२८१९६४१	२७.२०

७१ **स्थानीय दररेट निर्धारण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

७२ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

७३ **निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा निर्माण कामको गुणस्तर कायम गर्न ठेक्काको बि.ओ.क्यू.मा गुणस्तर परीक्षणको लागि रकम समाबेश गरी लागत अनुमान तयार गर्ने र सोही अनुसार निर्माण ब्यबसायीहरुले गुणस्तर परिक्षण गरेको आधारमा भुक्तानी गर्ने गरिएको छ । तर सो रकमबाट गर्नु पर्ने जति सबै परीक्षण गराउनुपर्नेमा गराएको छैन । निर्माण व्यवसायीबाट Quality Assurance Plan पेश गराउनुपर्नेमा गराएको पाइएन । गुणस्तर परिक्षणको लागि सिलबन्दी नमुना संकलन गर्नुपर्नेमा खुला रुपमा गर्ने गरेको छ । ल्याब प्रतिवेदनमा समेत प्राप्त भएको नमुनाको मात्र परिक्षण भएको भन्ने शब्दावली प्रयोग गरी जिम्मेवारीबाट पन्छिने काम गरेको छ । स्पेशिफिकेशनको आधारमा तोकीएको संख्यामा क्यूव,डण्डी,बालुवा,गिट्टी,सिमेन्ट लगायत निर्माण सामाग्रीहरुको परीक्षण गर्नुपर्दछ ।

७४ **निर्माण कामको बिमा**

आर्थिक सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण काम गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च एवम तेश्रो पक्ष र जनशक्तिहरुको समेत त्रुटि सच्याउने अबधी समेत खाम्ने गरी बिमा गराउनुपर्ने ब्यबस्था रहेको छ । तर पालिकाले गत बिगत बर्षहरुमा र चालु बर्ष खरिद सम्झौता भएका ठेक्काहरुको बिमा रकम पि.एस.आईटममा समाबेश गरी भुक्तानी दिएको तथा केहि ठेक्काहरुको बिमा वापत भुक्तानी नदिएको भएतापनि नियम तथा सम्झौताको शर्त अनुसार बिमा गरेको

कागजात लेखापरीक्षणमा पेश नभएको कारण निर्माण ब्यबसायीले बिमा गरेको छ छैन यकिन भएन । निर्माण ब्यबसायीहरुले पुरै अबधीको बिमा नगर्ने एवम सम्पूर्ण पक्षको बिमा नगरेको अबस्थामा बिमा वापत सम्पूर्ण रकम भुक्तानी दिन मिल्ने देखिदैन । यस तर्फ पालिकाले ध्यान दिई सुधार गर्नुपर्दछ । तसर्थ गत बिगत बर्षहरुमा बिमा गरेको भए ठेक्काहरुको म्याद थप भएकोमा बिमाको समेत म्याद थप गरी बिमा पोलिसि र रकम बुझाएको बिजक पेश गर्नुपर्दछ । साथै चालु बर्ष देहाय अनुसार बिमा रकम भुक्तानी भएकोमा बिमा पोलिसी तथा प्रिमियम बुझाएको बिजक पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...

(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	३६,८८६

७५ **खरिद सम्झौताको कार्यान्वयन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पादन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहिहरु गर्ने व्यवस्थाहरु छन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा काबु बाहिरको परिस्थिति,सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने अबस्था परेमा, खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा २१ दिन अगावै कार्यतालिका सहित आवश्यक पुष्ट्याई र प्रमाण कागजात संलग्न गरी निबेदन दिनुपर्ने र निबेदन प्राप्त भए पश्चात अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा वा गराउँदा निर्माण ब्यबसायीले दिएको पुष्ट्याई र कारण उचित लागेमा म्याद थप गर्न सक्ने ब्यबस्था रहेको छ । तर देहायमा उल्लेखित ठेक्काका निर्माण ब्यबसायीले सम्झौता अनुसारको कार्यतालिका बमोजिम निर्माण काम नगरेको तथा सम्पन्न नगरी काम अधुरो राखेको अवस्थामा गाउँपालिकाले यी कारवाहीहरु गर्नु पर्नेमा सो कानुनी कारवाही पुरा नगरेको कारण ठेक्का सम्पन्न गर्ने अवधी लम्बिन गई ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन सकेको देखिएन । यसरी पालिकाबाट ब्यबस्थापन भएका अधिकांश निर्माण ब्यबसायीलरुले तोकिएको समयमा काम शुरु नगर्ने,काम समयमै सम्पन्न नगर्ने,म्याद थप निबेदन दिदाँ उचित र प्रर्याप्त कारण प्रमाण बिना दिएको, निबेदन नियम अनुसार म्याद समाप्त हुनु भन्दा २१ दिन अगाडि नदिएको तथा गाउँकार्यपालिकाले म्याद थप गर्दा निर्माण ब्यबसायीले सम्झौता अनुसार निर्माण काम गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन भन्ने कुराको बिश्लेषण नगरी प्रर्याप्त प्रमाण र उचित कारण बिना पूर्वनिर्धारित क्षतिपूर्ति नलगाई म्याद थप गर्ने गरेको कारण निर्माण काम समयमै सम्पन्न नभई धेरै अबधि म्याद थप गर्नुपरेको तथा काम अधुरो रहने गरेको देखियो । यसरी काम समयमै नसक्ने र निर्माण काम अधुरो राख्ने निर्माण ब्यबसायीलाई उल्लेखित कारवाही गरी ठेक्काहरु फरफारक गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ७५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७६ **ब्याकुलोडर आय**

पालिकाको आर्थिक ऐन २०८१ को दफा नं. १० मा गाउँपालका भित्र आफूले संचालन गरेको हाटबजार लगायतका बहाल विरौटी शुल्कको अनुसूची ७ बमोजिम ब्याकुलोडर भाडा प्रतिघण्टा डिजेल सहित रु.३३००।०० र डिजेल बाहेक रु.१८००।०० का दरले उठाउने ब्यबस्था गरेको छ । गाउँपालिकाको वडा नं.६ को माझेठाना काडाकोट सुतार सडक निर्माणको काम ठेक्का नं.डब्ल्यू।०१। ०८१।८२ बाट मिशन कन्स्ट्रक्सनले सडक निर्माणको लागि पालिकाको ब्याकुलोडर प्रयोग गरी काम गरेको जनाई निर्माण ब्यबसायीलाई गो.भौ.नं.९।२०८२।२।१८ बाट रनिङ्ग बिल रु.८९४३८३।०० भुक्तानी दिदाँ ब्याकुलोडर भाडा वापत रु.३६०७८०। ०० कट्टा गरी भुक्तानी दिएको देखिएकोमा ब्याकुलोडर प्रयोग भएको लगबुकमा ईन्धन सहित १४०.६ घण्टा र ईन्धन बाहेक ८.३० घण्टा गरी जम्मा १४८.९ घण्टा संचालन भए अनुसार प्रति घण्टा क्रमश: रु.३३००।०० र रु.१८००।०० को दरले रु.४७८९२०। ०० कट्टा गरि भुक्तानी दिनुपर्नेमा रु.३६०७८०।०० मात्र कट्टा गरेकोले रु.११८१४०।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,१८,१४०

७७ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि,२०७५ को दफा ७ मा नागरिक आवासबाट लाभान्वित ब्यक्तिले प्राप्त हुने अनुदान रकमबाट निर्माण सम्पन्न पश्चात प्राबिधिक कर्मचारीबाट उक्त निर्माण कामको प्राबिधिक प्रतिबेदन पेश भएपछि अनुदान रकम उपलब्ध

गराउन सकिने प्राबधान राखेको पाईयो । देहाय अनुसारका लाभग्राहीहरुलाई आवास निर्माण गर्नको लागि गत आर्थिक बर्ष २०८०।८१ मा वडा नं. २ का बाली आउजीलाई रु.२९८२६।०० र वडा नं. ३ का कृष्ण ठकुल्लालाई रु.२९८२६।०० र यस बर्ष प्रथम किस्ता वडा नं.२ का कलु साउद,वडा नं. ४ का कालि बोहरा र वडा नं. ६ का टेक बहादुर राउत लाई जनही रु.३००००।०० को दरले ५ जनालाई कुल रु.१४९६५२।०० दिएको भएतापनि निर्माण सम्पन्न गरी अन्तिम किस्ताको लागि माग पेश नगरेको हुनाले निर्माण सम्पन्न गरी प्राबिधिक प्रतिबेदन पेश नभएको रु.

प्रमाण पेश नगरेको	१,४९,६५२

७८ **छातासैन जयगढ खानेपानी निर्माण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा सम्पन्न भएको निर्माण कार्यको बिबरण,निर्माण कार्य सम्पन्न भएको मिति र सम्पन्न भएको निर्माण कार्य स्वीकृत भएको मिति खुलाई कार्य स्वीकार प्रतिबेदन तयार गर्नुपर्ने ब्यबस्था रहेको छ । ठेक्का नं. डब्ल्यू।३।०८०।८१ भएको छातासैन जयगढ खानेपानी निर्माण काम गर्ने निर्माण ब्यबसायी संगम निर्माण सेवा मंगलसेनसँग मिति २०८१।१२।३० गते सम्म सम्पन्न गर्ने गरी रु.६३८८४०१।०० मा मिति २०८१।४।१७ गते सम्झौता गरी यस बर्ष तेश्रो बिल रकम रु.२००९४५६।०० गो.भौ.न. ८।२०८१।१२।३० बाट भुक्तानी भई कुल रु.५५२६४५६।०० भुक्तानी भएको छ । निर्माण ब्यबसायीले तोकिएको समयमा निर्माण काम सम्पन्न नगरेकोले हर्जाना लगाई बाँकी निर्माण काम सम्पन्न गराउनुपर्दछ ।

७९ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । जनालीकोट स्वास्थ्य चौकी भवन निर्माण गर्ने निर्माण ब्यबसायी मिशन कन्स्ट्रक्सन अछामलाई तेश्रो रनिङ्ग बिलको मूल्यांकन रु.३१२३४९।०० भएकोमा रु.४०१२४६।०० भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रु.८८८९५।०० असुल हुनुपर्ने रु...

असुल गर्नुपर्ने	८८,८९५

८० **भेरिएशन स्वीकृत नभएको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस बमोजिम निर्माण कार्यको ड्रईङ,डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,भेरिएशन परिमाणको प्राबिधिक पुष्ट्याई र कारण,लागत अनुमानमा प्रभाव पार्ने भए सो को प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा खुलाई त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले स्वीकृत गरी जारी गर्नु पर्नेछ भन्ने ब्यबस्था रहेको छ । ठेक्का नं. डब्ल्यू।३।०८०।८१ भएको छातासंन जवयगढ खानेपानी निर्माण काम गर्ने निर्माण ब्यबसायी संगम निर्माण सेवा मंगलसेनसँग मिति २०८१।४।१७ गते रु.६३८८४०१।०० मा सम्झौता गरेकोमा यस बर्ष तेश्रो तथा अन्तिम प्राबिधिक मूल्यांकनमा कुल मूल्यांकन रु.५५२६४५६।०० गरी पालिकाले ठेक्का फाइनल गरेकोमा सम्झौता भन्दा रु.८६१९४५।०० अर्थात १३.४९ प्रतिशत घटी भएकोमा नियमानुसार भेरिएशन स्वीकृत भएको पाइएन । यसरी नियममा भएको प्राबधान अनुसार प्राबिधिक पुष्ट्याई सहित भेरिएशन आदेश जारी गर्नुपर्दछ ।

८१ **भेरिएशन स्वीकृत सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको बमोजिम निर्माण कार्यको ड्रईङ,डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा,भेरिएशन परिमाणको प्राबिधिक पुष्ट्याई र कारण,लागत अनुमानमा प्रभाव पार्ने भए सो को प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा खुलाई त्यस्तो भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक

निकायको प्रमुखले स्वीकृत गरी जारी गर्नु पर्नेछ भन्ने ब्यबस्था रहेको छ । ठेक्का नं. डब्ल्यू।४।०८१।८२ भएको सरस्वती मन्दिर निर्माणको काम गर्ने निर्माण ब्यबसायी भैरी कन्स्ट्रक्सन अछामसँग मिति २०८२।१।८ मा रु.२८१९६४१।०० मा सम्झौता गरेकोमा लागत अनुमान गर्दाका बखत सिमित बजेटका कारणले गर्दा आईटम नं. ४ र १५ को परिमाण कम भएको र हाल उक्त ठेक्का २८ प्रतिशत घटेकोमा उक्त आईटमहरु फिल्डमा बढी आवश्यक भएको हुदाँ कामको परिमाण बढ्न गएको कारण जनाई भेरिएशन आदेश स्वीकृत गरी जारी गरेको छ । यसरी नियममा लागत अनुमान तयार गर्दा पूर्वानुमान गर्न नसकिने अवस्था भएमा प्राबिधिक पुष्ट्याई सहित भेरिएशन आदेश जारी गर्नुपर्नेमा सो को बिपरित ठेक्का प्रतिस्पर्धाबाट बचत रकमबाट शुरु लागत अनुमान रु.३८७४०६३।०० बाट बृद्धि भई रु.५११९२७२।०० (३२.१४ प्रतिशत) र शुरु सम्झौता रकम रु.२८१९६४१।०० बाट बृद्धि भई रु.३४११८३४।०० (२१ प्रतिशत थप) कायम भएको कारण सम्झौता रकममा रु.५९२१९३।०० रकमको भेरिएशन स्वीकृत गरेको उचित नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

८२ **पन्ध्र शैय्या अस्पताल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाले वडा नं. ५ को भालुमारे स्थानमा १५ शैय्या अस्पताल निर्माणको ठेक्का नं.डब्ल्यू।४।०७७।७८ भएको काम गर्न निर्माण व्यावसायी स्वाँर/एसोसिएट्स/रञ्जितकार जे.भि.सँग २०७८।३।२२ मा २० महिना भित्र कार्यसम्पन्न गर्ने गरी रु.१७३८७३८५५।०० मा सम्झौता गरेकोमा चालु बर्ष रु.४३६७५३९५।०० समेत कुल रु.९३१९५२७५।०० भुक्तानी भएको छ । निर्माण व्यावसायीले समयमा कार्यसम्पन्न नगरेकोले तेश्रो पटकसम्म २०८३।३।३१ (३६ महिना) सम्म अर्थात शुरु अबधिको १८५ प्रतिशत म्याद थप गर्दा समेत निर्माण कामको भौतिक प्रगति ५६ प्रतिशत मात्र हुनुले निर्माण ब्यबसायीको लापरबाहीपना देखिएकोले पालिकाले नियम तथा सम्झौताको शर्त बमोजिम पूर्बनिर्धारित क्षतिपूर्ति लगाई काम गराउनुपर्ने देखिन्छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् ।

८२.१ निर्माण कामको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (ङ) बमोजिम सम्झौता कार्यान्वियनको क्रममा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले १५ शैय्या अस्पताल निर्माणको चालु बर्षसम्म सातौं रनिङ्ग बिलसम्म रु.९३१९५२७५।०० भुक्तानी भएकोमा निर्माण कामको गुणस्तर परीक्षण बेगर नै बिलको भुक्तानी गरेकोले निर्माण कार्यको गुणस्तर सम्बन्धमा यकिन हुन सकिएन ।

८२.२ **सम्झौता बिपरित मूल्य समायोजन भुक्तानी** - स्टाण्डर्ड विडिङ्ग डकुमेन्टको जि.सि.सि.को ५३ मा ब्यबस्था भए मुताबिक एस.सि.सि.मा मूल्य समायोजन पाउने उल्लेख भएको र निर्माण ब्यबसायीले बोलपत्रसाथ पेश गरेको Price Adjustment Data सिटमा ज्यामी,ईक्विपमेन्ट र निर्माण सामाग्रिको भार भरी पेश गरेको अबस्थामा मात्र मूल्य समायोजन पाउने प्राबधान रहेको छ । जस अनुसार एस.सि.सि.मा मूल्य समायोजन पाउने खुलाउनु पर्ने र Table of Price Adjustment Data सिटमा ज्यामी,ईक्विपमेन्ट र निर्माण सामाग्रिको भार भरी बोलपत्रसाथ पेश गर्नुपर्ने अनिवार्य शर्तको प्राबधान राखेको छ । पालिकामा १५ शैय्या अस्पताल निर्माण गर्ने निर्माण व्यावसायी स्वाँर/एसोसिएट्स/रञ्जितकार जे.भि.सँग २०७८।३।२२ मा भएको सम्झौताको एस.सि.सि.मा मूल्य समायोजन लागु नहुने उल्लेख भएको र निर्माण ब्यबसायीले Table of Price Adjustment Data सिटमा ज्यामी,ईक्विपमेन्ट र निर्माण सामाग्रिको भार नभरी खाली राखी बोलपत्रसाथ पेश गरेको देखियो । निर्माण ब्यबसायीलाई सातौं रनिङ्ग बिल रु.३०६३८६८६।०० भुक्तानी दिदाँ मूल्य समायोजन वापत रु.१०३२३५१४।०० (मू.अ.कर समेत) भुक्तानी दिएकोले सम्झौताको शर्त विपरित दिएको मूल्य समायोजन रकम निर्माण ब्यबसायीबाट असुल गरी संघिय संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,०३,२३,५१४

८२.३ **पेश्की बाँकी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ५ मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार दिएको पेश्की सम्झौतामा ब्यबस्था भए बमोजिम प्रत्येक रनिङ्ग बिलबाट कट्टा गर्नुपर्ने ब्यबस्था रहेको छ ।१५ शैय्या अस्पताल निर्माण गर्ने निर्माण व्यावसायी स्वाँर/एसोसिएट्स/रञ्जितकार जे.भि.लाई सम्झौताको शर्त बमोजिम दिएको मोबिलाईजेशन पेश्की रु.१५००००००।०० आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभएकोले नियम तथा सम्झौताको शर्त बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

८२.४ **रितपूर्वकको बिजक** - मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १४ बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले पन्ध्र शैय्या अस्पताल निर्माणका (ठेक्का नं.डब्ल्यू।४।०७७। ७८) निर्माण व्यावसायी स्वाँर/एसोसिएट्स/रञ्जितकार जे.भि.लाई देहाय अनुसार मू.अ.कर रु.५०२४६०२।०० समेत रु.४३६७५३९५।०० निर्माण सेवा खरिद गरी भुधक्तानी गरेको छ । तसर्थ उक्त निर्माण व्यवसायीले रितपूर्वकको कर बिजक पेश नगरी देहाय बमोजिम फरक फरक बिजक नं.र ढाँचाको बिजक पेश गरेकोले पालिकाबाट लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

आई.पि.सि.नं.	गो.भौ.नं.र मिति	पान नं.	भुक्तानी रकम	मू.अ.कर रकम	कर बिजकको अबस्था
छैठौं	२। २०८२। ३।१२	६१५९९९८९८	१३०३६७०९	१४९९७९८	बिजक नं.००५।०८२।३।११ पेश गरी भुक्तानी लिएकोमा पुन सिलसिलेबार नं.को डिजिड फरक भएको बिजक नं.०५।०८२।३।११ पेश गरेको
सातौं	८। २०८२। ३।२४	६१५९९९८९८	३०६३८६८६	३५२४८०४	छैठौं आई.पि.सि.मा पेश गरेको बिजक भन्दा ठूलो साईजको बिजक नं.०६।०८२।३।२४ पेश गरेको
जम्मा			**४३६७५३९५**	**५०२४६०२**	

८३ **प्रशासकीय भवन निर्माण**

गाउँपालिकाको प्रशासकीय भवन निर्माणको ठेक्का नं.डब्ल्यू।१।०८०।८१ भएको काम गर्न रु.८३९२४१००।०० लागत अनुमान भएको काम मिति २०८३।१।१ गते सम्पन्न गर्ने गरि रु.५५९९०९२०।०० मा मिति २०८०।१२।३० गते निर्माण ब्यबसायी नारायण उपहार जे.भि.अछामसँग सम्झौता भएको यस आर्थिक बर्ष प्रथम देखि छैठौं रनिङ्ग बिलसम्म रु.३५११६५८२।०० प्राबिधिक मूल्यांकन भएकोमा पालिकाले रु.३२९८०९३०।०० खर्च तथा भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

८३.१ **रिटेन्शन मनि फिर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ को उपनियम (२क१) मा निर्माण कामको कम्तीमा ८० प्रतिशत काम सम्पन्न गरेको,सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम १२३ बमोजिम राखिएको रिटेन्शन मनी फिर्ता दिन सकिने उल्लेख छ । यसरी रिटेन्सन मनी फिर्ताको लागि पेश गरिने बैंक जमानतको म्याद त्रुटि सच्चाउने अवधि भन्दा कम्तीमा एक महिना बढी अबधिको हुनु पर्ने उल्लेख भएतापनि सोही नियमको उपनियम २ (क) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संयुक्त उपक्रमको हकमा रिटेन्सन मनी भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भए पछि भुक्तानी दिइनेछ भन्ने ब्यबस्था रहेको छ । प्रशासकीय भवन (ठेक्का नं.डब्ल्यू।१।०८०।८१) निर्माण गर्ने निर्माण ब्यबसायी नारायण उपहार जे.भि.अछामसँग सम्झौता अनुसार काम गरि यस आर्थिक बर्ष २०८१।८२ सम्म ७६.३२ प्रतिशत भौतिक प्रगति भएको अबस्थामा पालिकाले नियम बिपरित हुने गरी निर्माण ब्यबसायीलाई कृषि बिकास बैंक लिमिटेड साँफेबगर शाखाबाट जारी भएको रु.१३५००००।०० को बैंक जमानतको आधारमा पालिकाले निर्माण ब्यबसायीलाई गो.भौ.नं.१९।२०८०।२।१८ बाट रु.१३४५०००।०० रिटेन्सन मनी फिर्ता गरेको देखिएकोले नियममा तोकिएको ८० प्रतिशतको काम सम्पन्न नहुँदै तथा कर कार्यालयमा कर बिबरण बुझाएको प्रमाण बिना धरौटी फिर्ता दिएकोले निर्माण कामको प्रगति तथा कर बिबरण पेश गरेको प्रमाण बिना फिर्ता दिएको नियमसम्मत नभएको रु.

अनियमित भएको	१३,४५,०००

८३.२ **निर्माण ब्यबसायीलाई बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । प्रशासकीय भवन निर्माण गर्ने निर्माण ब्यबसायी नारायण उपहार जे.भि.अछामलाई गत आर्थिक बर्ष २०८०।८१ मा प्रथम रनिङ्ग बिलको मूल्यांकन भई

रु.४००६३३५।०० भुक्तानी भई सकेको अबस्थामा यस बर्ष दोश्रो रनिङ्ग बिलको मूल्यांकन गर्दा दोश्रो रनिङ्ग बिलसम्मको कुल मूल्यांकन रु.२३२३८९६६।०० भएकोमा प्रथम रनिङ्ग बिल रकम रु.४००६३३५।०० घटाई रु.१९२३२६३१।०० भुक्तानी दिनुपर्नेमा कुल भएको प्राबिधिक मूल्यांकनबाट प्रथम बिल रकम रु.३९९६४१४।०० घटाई रु.१९२४२५५१।०० भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रु.९९२०।०० असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	९,९२०

८३.३ **धरौटी कट्टा नभएको** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम एवम उपनियम ४ मा रनिङ्ग बिल भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लिखित रकमको ५ प्रतिशत धरौटी रकम कट्टा गर्नुपर्ने ब्यबस्था रहेको छ । ठेक्का नं.डब्ल्यू।१।०८०।८१) निर्माण गर्ने निर्माण ब्यबसायी नारायण उपहार जे.भि.अछामलाई तेश्रो रनिङ बिल रकम रु.७४०७१५।०० (मू.अ.कर बाहेक रु.६५५५००।००) गो.भौ.नं.१५।२०८१।८।१८ बाट भुक्तानी भएकोमा धरौटी रु.३२७५०।०० कट्टा नगरेकोले असुल गरी धरौटी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु....

प्रमाण पेश नगरेको	३२,७५०

८३.४ **भुक्तानीमा मू.अ.कर कट्टा नभएको** - मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) अनुसार सार्वजनिक निकायले मूल्य अभिबृद्धि कर समेत भुक्तानीमा ३० प्रतिशत मू.अ.कर कट्टा गर्नुपर्ने ब्यबस्था रहेको छ । ठेक्का नं.डब्ल्यू।१।०८०।८१) निर्माण गर्ने निर्माण ब्यबसायी नारायण उपहार जे.भि.अछामलाई तेश्रो रनिङ बिल रकम रु.७४०७१५।०० (मू.अ.कर रु.८५२१५।००) गो.भौ.नं.१५।२०८१।८।१८ बाट भुक्तानी भएकोमा मू.अ.कर रु.२५५६४।०० कट्टा नगरेकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु....

प्रमाण पेश नगरेको	२५,५६४

८३.५ **निर्माण कामको नापी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजक भुक्तानी गर्नुपर्दछ । ठेक्का नं.डब्ल्यू।१।०८०।८१) निर्माण गर्ने निर्माण ब्यबसायी नारायण उपहार जे.भी.अछामलाई छैंठौं रनिङ्ग बिलको प्राबिधिक मूल्यांकन भएको रकम गो.भौ.नं.४।२०८२।३।२३ बाट भुक्तानी भएकोमा देहायमा उल्लेख भएका आईटमहरुको बि.ओ.क्यू.मा भएको परिमाण भन्दा बढी परिमाणमा नापी गरी रु.७०४००४।०० भुक्तानी दिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिबेदनमा समेत बेहोरा औल्याएकोमा लेखापरीक्षण अबधिसम्म सुधार नभएको हुनाले पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

आइटम नं.	आइटम नाम	बि.ओ.क्यू. परिमाण	दर	भुक्तानी परिमाण	बढि भुक्तानी परिमाण	बढि भुक्तानी रकम	पालिकाको भनाई
५	आर.सि.सि. कार्य	२५७.१५ घ.मी.	१५००	२९३.२ घ.मी.	३६.०५ घ.मी.	५४०७५०	उक्त आर.सि.सि.कार्यको परिमाण आइटम नं ५ मा बढी भएता पनि बि.ओ.क्यू.को अन्य आइटम नं ३ मा १०३.१३ घ.मी. र ४ मा ९९.५१ घ.मी.बाँकी रहेको छ र उक्त आइटमहरु ३, ४ र ५ को बि.ओ.क्यू.दर रु.१५,००० रहेको हुँदा आगामी बिलमा बढी भएको परिमाणलाई समायोजन गर्न सकिन्छ।
१९	ढोका सम्बन्धी	१३४.१९ व.मी.	९०००	१४०.९८ व.मी.	६.७९ व.मी.	६१११०	आगामी बिलमा बढी भएको परिमाणलाई समायोजन गर्न सकिन्छ।
११०	माटो खन्ने काम	१७७.७ घ.मी.	३००	५१८.१८ घ.मी.	३४०.४८	१०२१४४	समान कार्यको लागि आइटम नं ९९ मा ४६११ घ.मी. बाँकी रहेको हुँदा आगामी बिलमा बढी भएको परिमाणलाई समायोजन गर्न सकिन्छ।
	जम्मा					**७०४००४**	

प्रमाण पेश नगरेको	७,०४,००४

८४ **उपभोक्ता समितिबाट भएको काम :**

सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गर्ने सम्बन्धमा ब्यबस्था गरेको छ । पालिकाले यस बर्ष निर्माण ब्यबसायीबाट गराएको योजनाका कामहरुको नमूना छनौट गरी परिक्षण गर्दा देखिएका मुख्य ब्यहोराहरु निम्नानुसार रहेका छन ।

८४.१ **हस्तान्तरण नगरेको** - सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना सार्बजनिक सुचना पार्टीमा टाँस गर्नुपर्ने, तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । नियमानुसार प्रकृया पुरा गरी काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

८४.२ **घट्ट बिस्तापितलाई कुटानी पिसानी मेशिन** - वडा नं.३ का घट्ट बिस्तापित भएकाहरुलाई कुटानी पिसानीको लागि मिल संचालन निर्माण उपभोक्ता समितिबाट गाउँपालिकाको बजेटबाट मेशिन जडान गरी पालिकाको गो.भौ.नं.१००।२०८२।३।२३ बाट रु.७७६०००।०० उपभोक्ता समितिलाई भुक्तानी भएको छ । उक्त मिल संचालनबाट हुने आम्दानी,खर्च तथा रेखदेख लगायतको सेवा दिनको लागि आवाश्यक कार्यबिधि तथा मार्गनिर्देशनको लागि आवाश्यक कानून बनाई स्थापना भएको कुटानि पिसानी मिलको उचित संरक्षण र सदुपयोग गरिनुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बान्नीगढी जयगढ गाउँपालिका, अछाम , बन्नीगढी जयगध गाउँपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बसन्त बहादुर रावल	२०८१-०४-०१	हाल सम्म कार्यरत
लेखा प्रमुख	नारद प्रसाद खनाल	२०७७-४-१	२०८३-०१-२४
लेखा प्रमुख	अर्जुन प्रसाद जोशी	२०८२-०४-०१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१०,६९२,५७०	४,४९०,८८६	१,९४३,९३४	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१७,१२७,३९०
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	५४,४००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१७,०७२,९९०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२७३७२२०४.४९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२४९६०३७११	**चालु खर्च**	२५०२१९१५८.५८
प्रदेश सरकारबाट अनुदान	१५३०९८०७	**पूँजीगत खर्च**	६५५६२७१४.०८
राजश्व बाँडफाँट	६९९३४२३७.०८	**वित्तीय/अन्य व्यवस्था**	१४७७१३९२०.५१
आन्तरिक आय	५०४८२७८.५२		
अन्य आय	१४९११९८३४.७९		
कुल आय	४८९०१५८६८.३९	**कुल खर्च**	४६३४९५७९३.१७
बाँकी मौज्दात		५२८९२२७९.७१	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४०,८०,१४,४५१.००	३२,५७,००,४६०.९३		३२,५७,००,४६०.९३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३९,७२,१४,०००.००	३१,२३,८९,६६९.६८	०	३१,२३,८९,६६९.६८
११००० कर	११	७,८३,७३,०००.००	७,००,०४,३३१.२२	०	७,००,०४,३३१.२२
१३००० अनुदान		२९,६३,०१,०००.००	२३,८७,११,२९८.५३	०	२३,८७,११,२९८.५३
संघीय सरकार	१२	२७,२४,६७,०००.००	२२,३५,८२,९९१.५३	०	२२,३५,८२,९९१.५३
प्रदेश सरकार	१२	२,३८,३४,०००.००	१,५१,२८,३०७.००	०	१,५१,२८,३०७.००
१४००० अन्य राजस्व		४३,४०,०००.००	२९,०२,५६७.९३	०	२९,०२,५६७.९३
१५००० विविध प्राप्ति		३,००,०००.००	७,७१,४७२.००	०	७,७१,४७२.००
३२००० वित्तीय सम्पत्ति		१,७९,००,०००.००	०	०	०
ख. अन्य प्राप्ति		१,०८,००,४५१.००	१,३३,१०,७९१.२५		१,३३,१०,७९१.२५
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		१,०८,००,४५१.००	८३,३५,५६२.७०	०	८३,३५,५६२.७०
धरौटी		०	४९,७५,२२८.५५	०	४९,७५,२२८.५५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०

भुक्तानी (ग+घ)		४०,८०,१४,४५१.००	३२,६५,८५,८५३.२१		३२,६५,८५,८५३.२१
ग. भुक्तानी (सञ्चित कोषबाट)		३९,७२,१४,०००.००	३१,५७,८१,८७२.६६		३१,५७,८१,८७२.६६
२१००० पारिश्रमिक / सुविधा	१८	१६,६३,५५,०००.००	१४,२६,३८,०९१.५१	०	१४,२६,३८,०९१.५१
२२००० मालसामान तथा सेवाको उपयोग	१८	९,०९,८५,०००.००	८,१४,४९,५३४.१७	०	८,१४,४९,५३४.१७
२५००० सहायता (Subsidy)	१८	२,१४,०६,०००.००	१,६४,५३,६७३.९०	०	१,६४,५३,६७३.९०
२६००० अनुदान	१८	०	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	७५,७०,०००.००	७३,०७,९०९.००	०	७३,०७,९०९.००
२८००० अन्य खर्च	१८	२८,४५,०००.००	१८,६९,९५०.००	०	१८,६९,९५०.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१०,८०,५३,०००.००	६,६०,६२,७१४.०८	०	६,६०,६२,७१४.०८
घ. अन्य भूक्तानी		१,०८,००,४५१.००	१,०८,०३,९८०.५५		१,०८,०३,९८०.५५
कोषहरु		१,०८,००,४५१.००	८०,५३,९१९.००	०	८०,५३,९१९.००
धरौटी		०	२७,५७,९५५.५५	०	२७,५७,९५५.५५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०

कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			-७,८९४.००		-७,८९४.००
ङ. यो वर्षको बचत (न्युन)			(८,८५,३९२.२८)		(८,८५,३९२.२८)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२,७३,७२,२०४.४९		२,७३,७२,२०४.४९
वर्षान्तको बाकी रकम (ङ + च)			२,६४,८६,८१२.२१		२,६४,८६,८१२.२१
बैंक तथा नगद बाकी	२४		२,७७,९४,६६८.६६		२,७७,९४,६६८.६६

बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची -४

सि. न.	राजस्व संकलन केन्द्र	यस वर्षको असुली रु.	पालिकामा दाखिला रु.	कैफियत
१	वडा नं.१ कार्यालय	१०३७५८.००	१०३७५८.००	२०८१ साउन, मंसिर, चैत्र र 2082 असार सम्म ७ पटक दाखिला ।
२	वडा नं.२ कार्यालय	७३०६०.००	७३०६०.००	२०८१ माघ र २०८२ असार सम्म 2 पटक दाखिला ।
३	वडा न.३ कार्यालय	२१२२६४.००	२१२२६४.००	२०८१ साउन, पौष, २०८२ जेठ,असार सम्म 4 पटक दाखिला ।
४	वडा नं.४ कार्यालय	११८३४६.००	११८३४६.००	२०८१ साउन, मंसिर, पौष, २०८२ वैशाख र असार सम्म गरी पटक पटक दाखिला ।
५	वडा नं.५ कार्यालय	२६१३६५.००	२६१३६५.००	२०८१ असोज, मंशिर, माघ, फागुन,चैत्र तथा २०८२ वैशाख, जेठ, असारमा गरी विभिन्न समयमा दाखिला ।
६	वडा नं.६ कार्यालय	२१३६१५.००	२१३६१५.००	२०८१ कार्तिक, फागुन २०८२ जेठ र असारमा गरी विभिन्न पटक दाखिला
	पालिकाको कार्यालयबाट	4069582.५२	4069582.५२	२०८१ साउन, असोज, कार्तिक, मंसिर गरी विभिन्न समयमा असार सम्म दाखिला

बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -५

ठेक्का नं.	निर्माण ब्यबसायीको नाम	२०८१।८२ सम्म भुक्तानी	गत बिगतमा बिमा भुक्तानी	यस बर्ष बिमा भुक्तानी	बिमा गरेको मिति	बिमाको अबधि	बिमा प्रिमियम बुझाएको रकम	बढी भुक्तानी प्रिमियम	कैफियत
डब्ल्यू।४। ०७७।७८	स्वाँर/एसोसिएट्स/ रञ्जितकार जे.भि.	९३१९ ५२७५	६०००००	०					बिमा गत बर्ष भुक्तानि दिएकोमा बिमा पोलिसि र रकम बुझाएको बिजक पेश भएन ।
डब्ल्यू।१। ०८०।८१	नारायण उपहार जे.भि.अछाम	४३११ ९३३३	५०३२५३	०					बिमा गत बर्ष भुक्तानि दिएकोमा बिमा पोलिसि र रकम बुझाएको बिजक पेश भएन ।
डब्ल्यू।३। ०८०।८१	संगम निर्माण सेवा मंगलसेन	५५२ ६०१५	०	३००००				३००००	बिमा यस बर्ष भुक्तानी दिएकोमा बिमा पोलिसि र रकम बुझाएको बिजक पेश भएन ।
डब्ल्यू।२। ०८१।८२	भगत कन्स्ट्रक्सन	४०३ ५१५१	०	०					बिमा गरेको पोलिसि लगायत कागजात पेश भएन ।
डब्ल्यू।१। ०८१।८२	मिसन कन्स्ट्रक्सन अछाम	२००६ १४२	०	३२०२९	२०८१। ११।५	२०८२। २।१६	२५१४३	६८८६	बिमा यस बर्ष भुक्तानि दिएकोमा कामदारको बिमा गरेको बिजक पेश नभएको,
डब्ल्यू।३। ०८१।८२	मिसन कन्स्ट्रक्सन अछाम	२५८८ २१०	०	०					बिमा गरेको पोलिसि लगायत कागजात पेश भएन ।
डब्ल्यू।४। ०८१।८२	भैरी कन्स्ट्रक्सन अछाम	१८५७ ०१७	०	०					बिमा गरेको पोलिसि लगायत कागजात पेश भएन ।
जम्मा								३६८८६	

बेरूजु दफा ७५ सँग सम्बन्धित विवरण - अनुसूची -६

ठेक्का नं.	निर्माण ब्यबसायीको नाम	सम्झौता रकम	२०८१।८२ मा भुक्तानी रकम	हालसम्म भुक्तानी रकम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्पन्न गर्नुपर्ने मिति (म्याद थप समेत)	शुरु अबधिको तुलनामा म्याद थप	भौतिक प्रगति प्रतिशत	कैफियत
डब्ल्यू।४। ०७७।७८	स्वाँर/एसोसिएट्स/ रञ्जितकार जे.भि.	१७३८७३८५५	४३६७५३९५	९३१९५२७५	२०७८। ३।२२	२० महिना	तेश्रो पटक मिति २०८३।३।३० सम्म (३७ महिना)	१८५ प्रतिशत थप	५६	
डब्ल्यू।३। ०८०।८१	संगम निर्माण सेवा	६३८८४०१	५५२६०१५	५५२६०१५	२०८१। ४।१७	५ महिना	०	०	८४.७९	निर्माण काम सम्पन्न हुन बाँकी रहेको
डब्ल्यू।२। ०८१।८२	भगत कन्स्ट्रक्सन	४९४८५४५	४०३५१५१	४०३५१५१	२०८१। ११।१८	२०८२। २।२८	२०८२। ३।२०	२८	८३	प्रथम बिल भुक्तानी भई निर्माण अधुरो

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।